ehetaudasandesh.com
हेटौंडा
राष्ट्रिय दैनिक
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३१२ ॥ आइतबार २० बैशाख २०८३ ॥ द्वितीया ॥ ने.सं. ११४६ ॥ बछलाथ्व ॥ Sunday 3 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/–

## चित्लाङले निकाल्यो पहिलो जित

सन्देश संवाददाता

हेटौंडा/काठमाडौंको चित्लाङ एफसीले मकवानपुरमा जारी आठौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितामा पहिलो जित निकालेको छ। शनिबार बागमती–४ स्थित सहिद स्मृति रंगशालामा भएको खेलमा चित्लाङले एपीएफलाई २–१ गोलले हराएको हो ।

चित्लाङका लागि विदेशी खेलाडी सोलोमन किङले खेलको ११ औं मिनेटमा पेनाल्टीमार्फत् र एरोन थापाले दोस्रो हाफको ६० औं मिनेटमा एकएक गोल गरे । एपीएफका बुद्धिमान राईले ४७ औं मिनेटमा एक गोल फर्काए । चित्लाङले अब मच्छिन्द्रसँग सेमिफाइनल प्रवेशका लागि मंगलबार खेल्नेछ । मच्छिन्द्र समूह 'बी' बाट बाई पाएको हो । मच्छिन्द्र बागमती गोल्डकप छैठौं संस्करणको विजेता र सातौं संस्करणको उपविजेता टोलीसमेत हो ।

प्रतियोगिताअन्तर्गत् आइतबार बैशाख २० गते सातौं संस्करणको विजेता चर्चब्वाइज र सर्लाहीको बागमती युथबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको सेमिफाइनल खेल २३ गते र २४ गते हुनेछ भने फाइनल खेल बैशाख २६ गते हुनेछ । प्रतियोगिता विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन् । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार र विधागत् उत्कृष्टहरुले २५/२५ हजार प्राप्त गर्नेछन् ।

### फुटबलमा ४ दशकदेखि क्रियाशिल

# अन्तर्राष्ट्रिय रेफ्री कल्पना सम्मानित

सन्देश संवाददाता

हेटौंडा/नेपाली महिला फुटबल जगत्मा ४० वर्षदेखि सक्रिय अन्तर्राष्ट्रिय रेफ्री एवम् राष्ट्रिय/अन्तर्राष्ट्रिय फुटबल खेलमा प्रतिस्पर्धा गरेकी हेटौंडा–२ की कल्पना शर्मा (राउत) लाई हेटौंडामा सम्मान समर्पण गरिएको छ । उनलाई मदन भण्डारी फाउन्डेसन मकवानपुरले स्थापना गरेको फाउन्डेसन संस्थापक अध्यक्ष श्रीचन्द्र शर्मा स्मृति सम्मानको पाँचौं संस्करणको सम्मान प्रदान गरिएको हो ।



नेपालकी पहिलो महिला फिफा रेफ्री कल्पना ४० वर्षअगाडि जब नेपालमा महिला फुटबल टिम नै थिएन, तब फुटबल खेल्दै राष्ट्रिय खेलाडी बनेकी हुन् । उनी पहिलो नेपाली महिला फिफा रेफ्री बन्न सफल भएकी छन् । उनी १९९९ देखि २०१५ सम्म फिफा रेफ्रीका रुपमा कार्यरत् रहेकी उनले एसियन खेल, साफ खेल र अन्य थुप्रै अन्तर्राष्ट्रिय प्रतियोगितामा निर्णायकको भूमिकामा महत्वपूर्ण योगदान पुऱ्याइसकेकी छन् ।

नेपाली फुटबल, त्यसमा पनि महिला फुटबलको इतिहास त्यति लामो छैन । नेपालमा महिला फुटबलको शुरुवात ४० को दशकबाट भएको पाइन्छ । यो छोटो अवधिमा त्यस्ता केही चेली जन्मिए, जुन हाल नेपाली महिला फुटबलका प्रेरणाका स्रोत बन्न पुगेका छन् । जसको नाम उच्चारणसँगै नेपालीहरुको छाति गर्वले चौंडा हुने गर्छ । तत्कालीन समयमा नेपाली खेलकुदमा महिला फुटबलको उपस्थिति आफैंमा चुनौतिपूर्ण थियो । विश्वास गर्नुपर्ने निकायले महिला फुटबललाई पत्याउनै सकेको थिएन । यस्तो विषम् परिस्थितिका बाबजुद् पनि महिला फुटबलमा आफूलाई पूर्णरुपमा समर्पित गर्दै राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा नेपालको पहिचान बनाउन विशेष भूमिका निर्वाह गर्ने मध्यकी एक चेली हुन् उनी ।

उनको आत्मविश्वास, लगनशीलता र समर्पणबाट प्रेरित भएर पछिल्लो समय नेपाली महिला फुटबलमा युवा प्रतिभाहरुको आकर्षण बढ्दो छ । खेलकुदमय परिवेशमा जन्मिएकी उनलाई ४० को दशकमा पनि फुटबल खेलमा लाग्न त्यति असहज भएन । उनकी दिदी गायत्री शर्मा सुटिङ तथा बहिनी बबिता शर्मा कराते खेलाडी थिए । परिवार नै खेलकुदका पारखी भएका कारण उनी पनि यसैमा होमिएकी थिइन् । नेपाली खेलकुदको नाजुक परिस्थितिका बाबजुद् उनका आमाबुबाले भने आफ्नी छोरीको सुनौंलो भविष्य फुटबलमै देखेका थिए । त्यसैले त उनको आमाबुबाले उनले फुटबल खेल्छु भन्दै गर्दा कुनै प्रकारको नाईंनास्ती गरेनन् । उल्टै, फुटबल खेलेर पनि भविष्य राम्रो हुन्छ भन्ने जोशिला र प्रेरणादायी कुरा गरेर आफ्नी छोरीको हौसलामा बृद्धि गरिदिए ।

उनले फुटबल खेल्न शुरु गर्दा भर्खर नेपालमा महिला फुटबलको चहलपहल शुरु भएको थियो । यसरी ४० को दशकबाट फुटबल अनि मैदानसँगको नाता गाँसेकी उनलाई फुटबलसँगको नाता निकै प्यारो लाग्यो । जुन नाता उनले ७० को दशकसम्म निरन्तररुपमा निभाउन सफल भइन्, सक्रिय खेलाडी र फिफा रेफ्रीको रुपमा । सामान्य खेलाडीका रुपमा फुटबलसँग सम्बन्ध गाँसेकी उनलाई लागेको थिएन् कि यो नाता यति टिकाउ हुनेछ भनेर । निरन्तरता नै सफलताको उपज हो भन्नेबारे राम्रो ज्ञान भएकी उनी भोलि अवश्य राम्रो हुनेछ भन्दै अघि बढिन् । उमेरले पाको भए पनि पहिलो पटक मैदानमा उत्रिँदै गर्दा पलाएको जोसजाँगर उनीमा हाल पनि उस्तै छ । यसरी नेपाली महिला फुटबल विकासका लागि भिन्न जोसजाँगर भर्दै आएकी उनी दक्षिण एसियाकै पहिलो महिला फिफा रेफ्री हुन् ।

कल्पना २०२८ पुस १४ गते केदारप्रसाद शर्मा र शान्तादेवी शर्माको कोखबाट हेटौंडास्थित भैरवरोडमा जन्मिएकी थिइन् । उनका ३ दिदीबहिनी र ३ दाजुभाइ छन् । कल्पनाले फुटबल खेल्न शुरु गर्दा उनी १२ वर्षकी थिइन् । २०४० सालमा नेपालमा भर्खर महिला फुटबल समिति गठन भएको थियो । यसक्रममा जिल्ला फुटबल समितिले जिल्लामा खेलाडी उत्पादन कार्यक्रम आयोजना गऱ्यो र कल्पना त्यसैको उपज हुन् ।

'हुने बिरुवाको चिल्लो पात' भनेझैं कल्पनाका लागि उक्त कार्यक्रम निकै उपयोगी साबित बन्न पुग्यो । उनले आफ्नो चाहनाअनुसार फुटबलमा पसिना बगाउने मौका पाइन् । केही समयमै फुटबलको राम्रै खेलाडीका रुपमा उनको पहिचान भयो । परिणाम, कल्पनाले सोही वर्ष मकवानपुर जिल्लाको प्रतिनिधित्व गर्दै अञ्चलस्तरीय प्रतियोगिता सहभागी हुने साइत जुऱ्यो । पछि मकवानपुर, पर्सा र चितवन गरी तीन जिल्लाका उत्कृष्ट खेलाडी छनौट गरी नारायणी अञ्चलको टोली तयारी पारियो । अञ्चलको उत्कृष्ट खेलाडीको टोलीमा कल्पना परिन् । २०५६ सालसम्म उनले विभिन्न प्रतियोगितामा अञ्चल टोलीको मिडफिल्डरको भूमिका कुशलतापूर्वक निभाइन् ।

फुटबलमा सुकाएको रगत र बगाएको पसिनाले माझिँदै जाँदा कल्पना एक स्तरीय खेलाडी बनिसकेकी थिइन् । जिल्ला, अञ्चल, क्षेत्रीय र राष्ट्रियस्तरका प्रतियोगिता खेल्दै कल्पना २०४६ सालमा राष्ट्रिय टोलीमा परिन् । सोही वर्ष नेपाली महिला फुटबल टोलीको प्रतिनिधित्व गर्दै उनी अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न हङकङ पुगेकी थिइन् । अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेको त्यही वर्षदेखि ८ वर्षसम्म नेपालमा पुनः महिला फुटबलका गतिविधिहरु ठप्प बन्यो ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले महिला फुटबललाई महत्व नदिएकाले नेपाली खेलाडीले भोग्नुपरेको दुर्भाग्यपूर्ण अवस्था सम्झँदा कल्पना निकै भावुक हुन्छिन् । ८ वर्षपछि एन्फाले महिला फुटबल समिति गठन गरी यसको नेतृत्व ग्यालेक्सी पब्लिक स्कुलकी तत्कालीन प्रिन्सिपल गीता राणालाई सुम्पिदिएपछि नेपालमा महिला फुटबलको गतिविधि पुनः सञ्चालनमा आयो । करिब एक दशक नेपालमा महिला फुटबलको गतिविधि ठप्प बन्न पुग्दा कल्पना केही समय निकै फुर्सदिलो बनिन् । फुटबलको नसाले लठ्ठिएकी कल्पनाले आफ्नो बाँकी जीवन पनि फुटबलमै व्यतित गर्ने सोचले त्यसपछि उनी रेफ्रीतर्फ आकर्षित भइन् । आफूलाई फुटबल खेलाएका दाइहरुको सल्लाहमा उनले जिल्लामा हुने पुरुष फुटबल प्रतियोगितामा रेफ्रीको भूमिका निभाउन थालिन् । उनले पहिलो पटक २०५० सालमा रेफ्रीको भूमिका निर्वाह गर्ने अवसर पाएकी थिइन् ।

करिब ६ वर्ष स्थानीय तथा राष्ट्रिय प्रतियोगितामा रेफ्रीको जिम्मेवारी सम्हालेपछि कल्पनालाई २०५६ सालमा फिफा रेफ्री कोर्स लिने अवसर मिल्यो । मलेसियामा भएको पाँच दिने सेमिनारमा सहभागी भएपछि कल्पनाले सन् १९९९ (२०५६) मा फिफा रेफ्री ब्याच प्राप्त गरेकी थिइन् । उक्त सेमिनारपछि कल्पनालाई फिफाले सहायक फिफा रेफ्रीको ब्याच लगाइदिएपश्चात् उनी नेपालको मात्र नभइ दक्षिण एसियाकै पहिलो महिला फिफा रेफ्री बनेकी थिइन् । त्यसपछि धेरै वर्ष उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आयोजित पुरुष फुटबल प्रतियोगिताहरु खेलाएर आफ्नो जिम्मेवारीलाई उत्कृष्टताको लालमोहर लगाउन सफल भएकी थिइन् ।

यसबीच लामो समयको प्रेमसम्बन्धपछि २०५७ मा कल्पनाले हरिबहादुर राउतसँग विवाह गरिन् । शिक्षित परिवार जसले खेलकुदलाई राम्रोसँग बुझेकै कारण विवाहपश्चात् पनि उनलाई खेलकुदमा लाग्न कुनै अवरोधको सामना गर्नुपरेन । उनका पतिले समेत उनको पेसालाई निरन्तर अघि बढाउन थप हौसला प्रदान गरे ।

आफूलाई कल्पना शर्मा भनेर स्वदेश तथा विदेशमा फुटबलले निचाएकोमा उनी गर्व गर्छिन् । फुटबल नसानसामा बगेको बताउने कल्पना आगामी वर्षहरु पनि फुटबलको सेरोफेरोमा रहेर बिताउन चाहन्छिन् ।

उमेरले ५० वसन्त पार गर्दै गरेकी कल्पना फुटबललाई आफ्नो मुख्य पेसा बनाएर जीवन धानिर हेकी छन् । पुरुषको दाँजोमा महिला रेफ्रीलाई सुबिधा कम भएको उनको भनाइ छ । नेपालमा आफूजस्तै महिला खेलाडी उत्पादन हुनुपर्छ भन्ने उद्धेश्य बोकेकी कल्पना हाल पनि दिनहुँजसो फुटबल सिकाइरहेकी छन् ।

नेपाली महिला फुटबलमा इतिहास रचेकी कल्पना आफ्नो समयमा भन्दा हाल महिला रेफ्रीको सेवासुबिधामा धेरै सुधार भएको र फुटबल खेलाएर पनि परिवार धान्न सक्ने बताउँछिन् ।

यसका लागि निरन्तरता र धैर्यताको खाँचो हुने कुरामा उनले जोड दिइन् । फुटबल रेफ्री पेसामा लाग्न चाहने नयाँपुस्ताको भविष्य राम्रो देखेकी कल्पना उनीहरुलाई खेलसँगै शिक्षालाई पनि सँगै अघि बढाउनुपर्ने सुझाव दिन्छिन् ।

# "विद्यार्थीको पेट मारेर बहादुरी देखाउने ?"



सन्देश संवाददाता

भरतपुर/जिल्ला प्रशासन कार्यालय चितवनले विवादित विद्यालयको विषयमा सर्वोच्चको फैसला कार्यान्वयन गर्न निर्देशन दिएको छ । इच्छाकामना–५, मुग्लिन बजारमा २०३१ सालमा स्थापना भएको सामुदायिक विद्यालय त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालयको विषयमा बिहीबार बैठक बोलाएर प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले कानुनभन्दा माथि कोही नहुने भन्दै सर्वोच्चको आदेश तत्काल कार्यान्वयन गर्न निर्देशन दिएका हुन् ।

विद्यालयको नाममा दाताको नाम थप्ने विषयमा सर्वोच्च अदालतले फैसला गरे पनि विद्यालय प्रशासनले कार्यान्वयन नगरिदिँदा बिगत छ महिनादेखि यहाँ कार्यरत् शिक्षक तथा कर्मचारीको तलब सुबिधासँगै विद्यार्थीलाई सरकारले दिने खाजा सुबिधासमेत रोकिएको थियो । कात्तिक महिनादेखि तलब नपाएपछि विद्यालयका शिक्षक तथा कर्मचारीहरु तीन दिनदेखि पठनपाठन बन्द गरेर आन्दोलनमा छन् । शिक्षकहरु धर्नामा बसेपछि प्रमुख जिल्ला अधिकारी अर्यालले गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङ, वडा अध्यक्ष तेजबहादुर शेरचनसहित विद्यालय प्रशासन, व्यवस्थापन समिति, जग्गादाता तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुलाई जिल्ला प्रशासन कार्यालयमा बोलाएर सर्वोच्चको आदेश कार्यान्वयन गर्न सबै पक्षलाई सहमति गराएका हुन् ।

मुग्लिन निवासी स्व. नन्दप्रसाद त्रिपाठीको नाममा उनको परिवारले विद्यालयलाई तीन कठ्ठा जमिन दान दिएपछि विद्यालयको नामको पछाडि दाताको नाम जोड्ने विषयमा मतभेद हुँदा विद्यालयको खाता नै बन्द भएको थियो । जसबाट विद्यालयको सबै आर्थिक पाटो प्रभावित भएको थियो ।

२०८१ बैशाख ३१ गते भएको सर्वोच्चको फैसलापछि त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालयको नाममा खाता सञ्चालन हुनुपर्नेमा पुरानै नाम अर्थात् त्रिवेणी बराह माध्यमिक विद्यालयकै नाममा खाता सञ्चालन भएपछि इच्छाकामना गाउँपालिकाले भुक्तानी दिन नसक्ने भन्दै रकम रोकेको थियो । हालसम्म सबै दोष एकले अर्कोलाई देखाएर बसिरहेको भन्दै प्रमुख जिल्ला अधिकारी अर्यालले समाजका अगुवाहरुबाट समाधानको बाटो अपनाउनुको विकल्प नरहेको बताए । शैक्षिक संस्थामा राजनीतिक गन्ध देखाएर विद्यार्थीलाई राज्यले दिएको दिवाखाजा र शिक्षक तथा कर्मचारीको तलब सुबिधा रोकेर बहादुरी नदेखाउन उनले आग्रह गरे । 'विद्यार्थीको पेट मारेर बहादुरी देखाउने छुट कसैलाई छैन,' उनले भने–देशकै सबभन्दा माथिल्लो निकायले गरेको निर्णय मान्दिनँ भन्ने छुट कसैलाई हुँदैन ।

केही राजनीतिक दलका प्रतिनिधि तथा विद्यालय प्रशासनले समुदायले सहमति नदिएपछि विवाद नसुल्झिएको बताएपछि प्रमुख जिल्ला अधिकारी अर्यालले भने–तपाईंहरु (दलहरु) ले समुदाय देखाउने निर्वाचनका बेलामात्रै हो, हाल होइन । समुदायकै आडमा केन्द्रमा पुग्ने तपाईंहरु कानुनले आदेश गरेको विषयलाई लिएर फेरि समुदायमा जानुपर्छ भन्ने ? यस्तो कुरा स्वीकार्य हुँदैन । कानुनको खिलाफमा कोही पनि उभिन पाईंदैन । सबै दलका प्रतिनिधिले आफ्ना कार्यकर्ता तहमा सम्झाउन सक्नुपर्ने उनको सुझाव छ । 'दलहरुले समुदायमा बुझाउनुपर्ने नै भए पनि तीन दिनको समय छ,' उनले भने–तर, समुदायलाई देखाएर आफू पन्छिने काम नगर्नुस् ।

चित्त नबुझेका कोही भए पुनरावलोकनका लागि बाटो खुला हुँदाहुँदै सर्वोच्चको आदेशलाई नमानेर थप विवाद झिकिरहनु आवश्यक नरहेको प्रजिअ अर्यालले बताए । 'तर, माथिल्लो तहको आदेश नमान्नु भनेको दरिद्रताको पराकाष्ठा हो,' उनले थपे । तत्काल बैंकमा सेवाग्राही विवरण अद्यावधिक गरेर कर्मचारीलाई तलब खुवाउन उनले बिद्यालय ब्यवस्थापन समितिलाई निर्देशन दिए ।

बैठकमा सर्वोच्चको फैसलालाई कार्यान्वयन गर्ने विषयमा निर्णय भएपछि इच्छाकामना गाउँपालिकाले पनि तत्काल विद्यालय व्यवस्थापन समितिको बैठक बसेर सेवाग्राही विवरण अद्यावधिकको काम गरिहाल्न आग्रह गरेको छ । १८ वर्षदेखि अल्झिएको समस्या समाधान भएपछि आन्दोलनमा निस्किएका शिक्षक तथा कर्मचारी हरुलाई आन्दोलनका सबै कार्यक्रम स्थगित गर्न भनिसकिएको गाउँपालिका अध्यक्ष गुरुङले जानकारी दिए ।

व्यवस्थापन समितिले गाँठो फुकाएर बैंकिङ प्रक्रिया पूरा गरेकै दिन पालिकाले विद्यालयलाई उपलब्ध गराउनुपर्ने रकम निकासा गरिदिने उनले बताए । 'पटकपटक छलफलमा बोलाउँदा पनि सहभागी नभइदिने समस्याका कारण जिल्ला प्रशासनसम्म आउनुपऱ्यो,' उनले भने–विद्यालय जोगाउनका लागि पनि छिटो समाधान आवश्यक थियो ।

विद्यालयको नाममा दाताको नाम पनि समावेश गर्ने सहमति भएपछि त्रिपाठी परिवारले तीन कठ्ठा जमिन विद्यालयलाई दान दिएको थियो । विद्यालयको आवश्यक संरचना निर्माणका लागि जमिन अभाव भएपछि आधा जमिन खरिद गर्ने र आधा जमिन विद्यालयको नाममा पास गरिदिने समहति भएपछि त्रिपाठी परिवारले छ कठ्ठा साढे दुई धुर जमिन विद्यालयको नाममा पास गराइ दिएको थियो । तर, असन्तुष्ट पक्षले जिल्ला, उच्च हुँदै सर्वोच्चसम्म मुद्दा हालेपछि सर्वोच्च अदालतले २०८१ बैशाख ३१ गते विद्यालयको नाम 'श्री त्रिवेणी बराह नन्दप्रसाद त्रिपाठी माध्यमिक विद्यालय' कायम गराउन फैसला गरेको थियो ।

# दिइएन ज्यालाको २ लाख



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको मनहरी गाउँपलिकाका विभिन्न वडामा रहेका अनौपचारिक क्षेत्रका श्रमिकहरुले आफूहरुलाई ज्यालामा ठगी भएको भन्दै मनहरी गाउँपालिका कार्यालयसँग न्यायका लागि आग्रह गरेका छन् । विभिन्न योजनाहरुमा काम गर्दा ठेकेदार तथा कामको जिम्मा लिने पक्षबाट २ लाखभन्दा बढी ज्याला नपाएको भन्दै श्रमिकहरुले ज्याला दिलाइदिन गाउँपालिकासँग अनुरोध गरिएको हो । अनौपचारिक क्षेत्रमा कार्यरत् श्रमिकहरु बिमला राईको नेतृत्वमा उनीहरु पालिका कार्यालय पुगेका थिए ।

श्रमिकहरुले ज्याला ठगी, असमान ज्याला र सामाजिक सुरक्षाको अभावविरुद्ध संयुक्त ध्यानाकर्षण तथा मागपत्र पेश गरेका हुन् । 'हामी विहानदेखि बेलुकासम्म पसिना बगाएर समाज र देश चलाइरहेका छौं । तर, आफ्नै जीवन सुरक्षित गर्न संघर्षरत् छौं,' मागपत्रमा भनिएको छ–मनहरीका २३ जना श्रमिकहरुको २ लाख ११ हजार रुपियाँ ज्यालामा ठगिएका छौं । ज्याला रकम चाँडै दिलाइदिन पालिकालाई अनुरोध गर्दछौं । सबै प्रकारका ज्याला ठगीका घटनामा तत्काल छानबिन गरी पूर्ण भुक्तानी सुनिश्चित गर्न माग उनीहरुले गरेका हुन् ।

श्रमिकहरुले स्थानीय तहमा दर्ता गरी कानुनी मान्यता दिन, समान कामको समान ज्याला लागु गर्न, सुरक्षित कार्यस्थल, खानेपानी, शौचालय र सुरक्षा सामग्री अनिवार्य गर्न माग गरेका छन् । यसैगरी स्वास्थ्य बीमा, दुर्घटना बीमा र सामाजिक सुरक्षा योजनामा पहुँच सुनिश्चित गर्नुपर्ने, महिला श्रमिकका लागि सुरक्षित र सम्मानजनक कार्यस्थल, स्तनपान कक्ष तथा बाल स्याहार केन्द्र व्यवस्था गर्नुपर्ने माग पनि राखिएको छ । श्रमशोषण रोक्न प्रभावकारी अनुगमन संयन्त्र र उजुरी सुनुवाइ प्रणाली स्थापना गर्न तथा सुकुम्बासी र अनौपचारिक बस्तीमा बसोबास गर्ने श्रमिकको आवास अधिकार सुनिश्चित गर्न पनि उनीहरुले आग्रह गरेका छन् ।

श्रमिकहरुको ज्ञापनपत्र बुझ्दै मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले ज्याला ठगीसम्बन्धि घटनाको बारेमा यथार्थ बुझेर श्रमिकलाई बक्यौता रकम दिलाउने प्रतिबद्धता जनाए । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत् गरिएको कामको पारिश्रमिक भुक्तानी लिनेले लिएर श्रमिकलाई ज्याला नदिएको तथा अन्य ठेकेदारबाट पनि ठगी भएको गुनासो आएको भन्दै सबैको ज्याला दिलाइने उनले बताएका छन् । श्रमिकहरुले पालिकाको न्यायिक समिति र रोजगार शाखामा पनि ज्ञापनपत्र बुझाएका छन् ।

## महालक्ष्मीमा खत्री, आंचलमा शर्मा



सन्देश संवाददाता

हेटौंडा/महालक्ष्मी साहित्य समाजको अध्यक्षमा बिनोद खत्री आकाश चयन भएका छन् । संस्थाको तेस्रो अधिवेशनबाट खत्रीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन भएको हो ।

समिति उपाध्यक्षमा जुमन किरण, सचिवमा निरा श्रेष्ठ र कोषाध्यक्षमा रुबिना राना चयन भएका छन् । सदस्यहरुमा पुरुषोत्तम बस्नेत, पुष्कर थापा, सुमन घिमिरे, महेश गौतम, विष्णु थापा, होमनाथ खत्री र राजाराम राउत सर्वसम्मत रुपमा चयन भएका छन् । नयाँ कार्यसमितिको कार्यकाल दुई वर्ष रहनेछ ।

संस्थाले आगामी दिनमा साहित्यिक गतिविधिलाई अझ सशक्त बनाउने र स्थानीय स्रष्टालाई प्रोत्साहन गर्ने लक्ष्य लिएको जनाएको छ ।. २०७९ सालमा स्थापना भएको संस्थाले संस्थागत् साहित्यको विकास र प्रवर्द्धन गर्ने उद्धेश्यसाथ नियमित साहित्यिक श्रृंखला, पुस्तक प्रकाशन तथा स्रष्टा सम्मान जस्ता कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

उता, महिला साहित्यकारको साझा संस्था आँचल साहित्य कलापुञ्ज मकवानपुरको अध्यक्षमा निरा शर्मा चयन भएकी छन् । पुञ्ज मकवानपुरको पाँचौं अधिवेशन एवम् चौधौं साधारणसभाबाट शर्माको अध्यक्षतामा नयाँ कार्यसमिति निर्माण भएको हो । पुञ्ज उपाध्यक्षमा भवानी तिमल्सिना, सचिव एलिजा पुडासैनी, सहसचिव सरिता दाहाल, कोषाध्यक्ष सम्झना अधिकारी छन् । सदस्यमा रजनी पौडेल, अनु रोक्का, सिर्जना पौडेल र गोपिनी गौतम चयन भएका छन् । आगामी दिनमा संस्थापक तथा पूर्वअध्यक्ष स्व. अप्सरा तिम्सेनाको सम्मानमा स्मृति ग्रन्थ, आँचल परिचय ग्रन्थ प्रकाशन तथा महिला साहित्यको क्षेत्रमा सिर्जनशील कार्यलाई प्राथमिकता दिने नवनिर्वाचित अध्यक्ष शर्माले बताइन् ।

# सरकारी विज्ञापन रोकिँदा निजी मिडिया धरासयी



सन्देश संवाददाता

भरतपुर/सरकारी विज्ञापन रोकेर निजी मिडियालाई धरासयी नबनाउन सरकारसँग माग गरिएको छ । नेपाल पत्रकार महासंघ चितवन शाखाको २२ औं साधारणसभामा अग्रज पत्रकारहरुले सरकारी विज्ञापन निजी मिडियालाई दिन किन रोकिएको हो भन्दै प्रश्न गरेका छन् ।

महासंघ केन्द्रीय वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले सरकारी विज्ञापन निजी मिडियालाई दिन रोक लगाउनुको कारण माग्दै खुलाउन आग्रह गरे । उनले भने–सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिँदा निजीस्तरका सञ्चारमाध्यमहरु धरासयी भएका छन् । सभामा प्रमुख अतिथिसमेत रहेका आचार्यले सरकारलाई विज्ञापन रोकेर निजी सञ्चारमाध्यमलाई कमजोर पार्ने र बन्द गराउने उद्धेश्यमा नलाग्न आग्रह गरे । उनले भने–देशभरका सञ्चारमाध्यम संकटमा छन् । सञ्चारमाध्यम बन्द गराएर सरकारले के गर्न खोज्दैछ ? गम्भीर ध्यानाकर्षण गराइरहेका छौं । सरकारी विज्ञापन सरकार नियन्त्रित सञ्चार माध्यमहरुलाई मात्र दिने सरकारको निर्णय खारेजीका लागि दबाब दिइरहेको उनले बताए ।

नेपाल पत्रकार महासंघ चितवन शाखाको साधारणसभामा जिल्लाका तीन पत्रकारलाई पुरस्कृत गरिएको छ । मैयादेवी पत्रकारिता पुरस्कारबाट पत्रकार अनिल ढकाल पुरस्कृत भएका छन् । ढकाल नेपाल टेलिभिजन र अन्नपूर्ण पोष्टमा कार्यरत् छन् । पुरस्कारको राशि ५१ हजार छ । बालकुमारी विष्णुकुमारी अभ्युदय पत्रकारिता पुरस्कारबाट दीप्ति बिश्वकर्मा पुरस्कृत भइन् । उनले माडीबाट रेडियोमार्फत् सक्रिय पत्रकारिता गर्दै आएकी छन् । पुरस्कारको राशि ११ हजार छ । सुजुश्री मैयादेवी पत्रकारिता पुरस्कारबाट पूजा ढकाल पुरस्कृत भएकी हुन् । ढकाल नारायणी अनलाइनमा कार्यरत् छन् । पुरस्कारको राशि ११ हजार छ ।

पुरस्कृत हुने पत्रकारहरुलाई पत्रकार महासंघ चितवन अध्यक्ष वसन्त पराजुली, महासंघ केन्द्रीय वरिष्ठ उपाध्यक्ष आचार्यलगायतले सम्मानपत्रबाट सम्मानित गरेका हुन् । कार्यक्रममा भरतपुर महानगरपालिका कार्यबाहक प्रमुख चित्रसेन अधिकारीले पत्रकार महासंघ, सम्बद्ध संघसंस्था र पत्रकारसँग सहकार्य गरेर अघि बढ्ने बताए । महासंघ अध्यक्ष पराजुलीको सभाध्यक्षतामा भएको कार्यक्रममा सचिव राजेश घिमिरेले प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष कृष्ण आचार्यले आर्थिक प्रतिवेदन पेस गरेका थिए ।

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष
विचार
आइतबार २० बैशाख २०८३
Sunday 3 May 2026


**उखान:** मासिने बेलामा कमिलाको प्वाँख आउँछ।

**बेलाको बोली**

एउटा उत्कृष्ट कुरा सिंहबाट सिक्न सकिन्छ, जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई मनबाटै र जोडदार प्रयासका साथ गर।

*-चाणक्य*

## सम्पादकीय

# हुप्रचौर सांधुरो नबनाऔं

*बागमती प्रदेशको राजधानी हेटौंडा र यही हेटौंडा उपमहानगर पालिकाको केन्द्र बिन्दमा रहेका हुप्रचौरले हेटौंडालाई नेपालभर परिचित गराउने दोश्रो स्थान हो। हेटौंडालाई देशभरका मानिसले चिन्ने भनेको पहिलो पिपलबोट थियो भने त्यो पिपलको बोट ढलेपछि त्यो स्थान प्राय:ले बिर्सेको पनि हुन सक्छ। त्यसपछि हेटौंडाको ब्यवस्थित सहरको एक उत्कृष्ठ नमुना स्थानको पहिचान बनाएको छ हुप्रचौरले। वि.सं. २०४२ सालमा हुप्रचौरलाई तत्कालिन सरकारी निकाय नगर बिकास समिति नामक संस्थाले किस्ताबन्दीमा उक्त क्षेत्रका जग्गाहरू प्लटिङ गरेको थियो। सो समयमा लक्ष्यबहादुर गुरूङ, निरशंकर श्रेष्ठ र केदारप्रसाद न्यौपानेलगायतका ब्यक्तिहरूले निकै दुरगामी सोच राखेर हुप्रचौरको जग्गालाई प्लटिङ गरिएको थियो।*

*सो क्षेत्रमा रहेका ८ धुर र ११ धुरका घडेरीहरूलाई चौडा बाटोसहितको परिकल्पना गरेर काम गरेका थिए। निरशंकर श्रेष्ठ हाल अमेरिकामा बसोबास गरेता पनि उनको चिन्ता अहिले हुप्रचौरको खाली क्षेत्र बिभिन्न बहानामा सानो पारिदै लगिएको प्रति चिन्तित देखिन्छन्। उनका अनुसार त्यसबेलाको हाम्रो सोचलाई कतिले यत्रो ठूलो बाटो र यत्रो जमिन खाली किन राखेको, त्यसलाई पनि टुक्रा किन नबनाएको भनेर टिकाटिप्पणी पनि गरेका थिए। तर, हाम्रो टिमले हाम्रा छोरानातीहरूको पालामा यो अति आवश्यक हुन्छ, भबितब्य पर्दा पुरै हुप्रचौरबासीको सुरक्षित स्थल हुन सक्छ भन्ने दुरगामी सोच राखेर हामीले काम गरेका थियौ।*

*यही सोचलाई पछिल्ला पुस्ताहरूले पच्छ्याउनु पर्नेमा बर्तमान जनप्रतिनिधिहरूले झनझन् खुल्ला क्षेत्रलाई साधुरो बनाउदै बिभिन्न बहाना झिकेर भवनै भवन बनाउने काममा तल्लिन भएको देख्दा ति पुवर्जहरूको मन दु:खेको छ। अहिलेका युवापुस्ता पुराना पुस्ताभन्दा अघि र दुरगामी सोचको हुनुपर्नेमा झनझन तल्लो स्तरमा गिर्दै कहिले सटर बनाएर भाडामा लगाउने, कहिले बृद्धबृद्धा आश्रय स्थल बनाउने भनेर आआफ्नै लहड र लिडेढिपीमा लागेको देख्दा र यस्तो गर्ने नहुने कार्यलाई पनि दलिय आंखाले हेरेर दलका झोलेहरूले हो मा हो मिलाएर बर्तमान जनप्रतिनिधिलाई हौसाउने कार्य कदापी सह्य हुंदैन। त्यसैले हुप्रचौरलाई कुनै पनि बहानामा साघुरो बननाऔं।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ने हुन सक्दछ शरीरमा आलस्यता अनुभूतिको साथै जोश-जाँगरमा कमी आउनेछ। | **बृष** | मध्याह्नदेखि स्थितिमा सुधार आउनाले नयाँ काम गर्ने अवसर जुट्नेछ। तर, अवरोध गर्नेहरूले वा क्षेत्रको नेतृत्व हातलागी हुनेछ। |
| **मिथुन** | काम गर्न बिहानको समय अनुकूल छ। व्यापारमा लाभ हुनेछ। प्रेम वा मित्रताको बन्धन कसिनेछ। जनको साथले उत्साह जगाउनेछ। | **कर्कट** | मध्याह्नदेखि भने सानातिना समस्यामै अल्झनुपर्ने देखिन्छ। रहनाले काम रोकिन सक्छ। श्रम परे पनि कामको मूल्यांकन नहुन सक्छ। |
| **सिंह** | योजनाहरु तत्काल सार्वजनिक नगर्नुहोला। आवश्यकता बढ्नाले अर्थ पर्न सक्छ। लाभका लागि साइनो गाँस्नेहरूबाट सावधान रहनुहोला। | **कन्या** | पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् |
| **तुला** | स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। मिहिनेतले प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। सजिलै सम्पादन हुन सक्छ। | **बृश्चिक** | मध्याह्नदेखि घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ। आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ। प्रेम र मित्रताको बन्धन कसिने समय छ |
| **धनु** | प्रतीक्षा गरिएको नतिजा सकारात्मक आउनेछ। बाधा हट्नेछन् र नयाँ कामतर्फ आकर्षित भइनेछ। काममा कमजोरीमा सुधार आउनेछ। | **मकर** | प्रतिस्पर्धी परास्त हुनेछन्। आम्दानी बढाउन सकिनेछ। आफ्नो क्षेत्रमा अधिकार जमाउन सफल भइनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। |
| **कुम्भ** | शुभचिन्तकहरूको सुझाव नमान्दा दु:ख पाइनेछ। बन्धु-बान्धवबीच कमी आउन सक्नेछ। अप्ठ्यारा परिस्थिति सुल्झाउन जुट्नु पर्नेछ। | **मिन** | अवसर प्राप्त भए पनि परिस्थितिवश काममा बाधा होला। बेसुरको निर्णयले समस्या निम्त्याउनेछ। आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ। |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# स्वस्थ नागरिक, समृद्ध देश



✍प्रा. डा. हरि शर्मा

हाम्रा प्रात:स्मरणीय पिता-पुर्खाहरूले भन्ने गरेको 'बाँचे देखिन्छ' भन्ने कथनमा अन्य कुनै अभीष्ट हैन, बाँच र बाँच्न देऊ मात्र निहित रहेको हुँदो रै' छ। विश्व मानव समाजको यस भावनाप्रति ठूलो समर्थन रहेको देख्दादेख्दै पनि आज हामी विश्वलाई द्वन्द्वको गाँजोमा चिराचिरा भएको हेर्न बाध्य छौँ। विश्वभरि शान्ति छाओस् भन्ने विश्वासको सलेदोले जति बले पनि अशान्ति र असन्तोषको अंध्यारो पन्छाउन असमर्थ नै रहेको भान हुन्छ। देशभित्र पनि अवस्था फरक छैन। जोस, जाँगर, हिम्मत र उत्साहले भरिपूर्ण युवाहरूको हातमा शासनसत्ता आइसकेको अवस्थाले मानिसका आकांक्षाहरू मात्रै बढेको देखिन्छ।

भ्रष्टाचारका फाइलहरू खोलिइरहेका छन्, सुधारका कार्य क्रमशः अघि सरिरहेका छन्। हजार दिनका प्रतिज्ञाहरू पूरा गर्नमा तल्लीन छ, बालेन सरकार। बिहान साढे आठ बजेदेखि साँझ सात बजेसम्म बैठक, एजेण्डा, निर्णय र कार्यान्वयनको रूपरेखा तयार गर्दैमा समय व्यतीत भइरहेको छ। विद्यमान मन्त्रिपरिषद् विधिको मार्ग नबिराई सच्चा सदासयले देशको उन्नयनमा समर्पित रहेको अहिलेको नेतृत्वले देशवासीलाई अचम्भित र आशावान् तुल्याइरहेको घरघरै देखिन्छ। अनाधिकृत रूपले सरकारी जमिनहरूमा रजगज गरिरहेका हरूको पर्दाफासले पनि सुशासनका तगाराहरू खोल्ने काम धमाधम अघि बढिरहेको अनुभव जनताले गरिरहेका छन्। राजदूतहरूसँगको सामूहिक भेटवार्ता, प्रम निवास बालुवाटारमा कुनै पनि आगन्तुकलाई नभेट्ने निर्णय, कसैलाई पनि हकहितको आवाज बुलन्द गर्ने छुट तर कर्मचारीतन्त्रभित्र कुनै पनि प्रकारको राजनीतिक संलग्नतामा प्रतिबन्ध लगाउने, सरकारी जग्गा मिचेर बनाइएका घरटहराहरू उठाइने, सही सुकुम्बासीलाई आवासको व्यवस्था गरिने, सिरहाको मुसहर बस्तीमा घरविहीनहरूका लागि घर निर्माण गरिने जस्ता लोककल्याणकारी लगायत अनेकौं श्रृजनशील कार्यहरूले सरकारी कार्यक्रमले प्राथमिकता ओगटेका छन्। यो सुखद् विषय हो।

देशभित्रको गृह-व्यवस्था पनि बिगतको तुलनामा फाष्टट्र्याकबाट दौडिरहेको आमधारणा छ। देशमा एउटा परिवर्तनको संवाहक बनेका नयाँ राजनीतिक अवतारहरूबाट यहाँका धर्तीपुत्रहरूले अनेकौं आशा राखेको र ती आशा पूरा हुने विश्वास गरेका छन्। विधिलाई छलेर आर्जन गरिएका काला धनको राज्यीकरण गरिने सरकारको निर्णयले सबैलाई हर्षित तुल्याएको छ। विदेशमा जीवनयापन गरिरहेका नेपालीहरू पनि वर्तमान राज्य व्यवस्थाबाट पुलकित भई सही सुकुम्बासीलाई नि:शुल्क घरजग्गा उपलब्ध गराई दिने प्रतिबद्धता जाहे गरि राखेका छन्। बागमतीको बगरबाट हटाइएका सुकुम्बासीहरूमध्येको एक जनासँग त काठमाडौँमा पच्चीसौँ रोपनी जग्गाको धनीपुर्जा रहेको समाचार पनि सुनियो।

मानिस साँच्चिकै लोभको भाँडो हुँदो रहेछ भन्ने तथ्य विभिन्न सञ्चारमाध्यमले सार्वजनिक गरे। नागरिकको यस्तो हाल छ भने बिगतका हाम्रा अनेकन नेताहरूको घरमा जलेको कोसीबाट उठाइएको नोटको समाचार के मिथ्या होला र? नहुनेलाई धन चाहिन्छ नै, हुनेको पनि लोभको पराकाष्ठा नहुँदो रहेछ। अबका दिनहरूमा सायद सरकारले विदेशी बैंकहरूमा रहेका नेपालीहरूको धनको पनि छानबिन गर्ला र स्रोत खुल्न सकेन वा स्रोत विधिसम्मत नरहेको भेट्टिएको खण्डमा ती सबै श्रीसम्पत्ति गाडधन नै ठहरिने र तिनको राज्यीकरण हुनेमा देशवासीहरू ढुक्क छन्। अर्थको अभावमा राज्यले गर्नुपर्ने कैयौँ काम सहजै सम्पन्न हुँदै जाने उनीहरूले अनुमान लगाएर बसेका छन्। लहरो तान्दा पहरो पनि थर्किएला, तर राज्यले देशका लागि जस्तै कठोर जिम्मेवारी पनि निर्वाह गर्न पछि पर्नु हुँदैन।

अहिले मुलुकभरि सबैको ध्यान सरकारले चालिराखेका कदमहरूमा केन्द्रित भएको अवस्थामा जनतामा गाइँगुइँ सुनिन थालेको छ, के हामी साँच्चिकै समाजवादतर्फ उन्मुख भइरहेका हौँ त? विरोध गर्नेहरूको स्वर भद्रकाली मण्डला वा माइतीघरसम्म पुगेर बिस्तारै निस्तेज हुँदै गएको छ भन्ने नागरिकले टिप्पणी गरेको सुनिन्छ। समयका छालहरू कहिले उर्लिन्छन्, कहिले शान्त बन्छन् समुद्रमा पानीका छालजस्तै। समय अनुकूल र प्रतिकूल दुवै बन्न सक्छ। देशको सन्दर्भको कसीमा अहिलेको समय देशवासीका लागि अनुकूल नै रहेको भान हुनु स्वाभाविक हो। काठमाडौँ लगायत विभिन्न सहरी क्षेत्रहरूमा सुकुम्बासीको व्यवस्थित पुन:स्थापनाका काम द्रुतरूपले अघि बढिरहेको छ।

कतिपय सुकुम्बासीको त राजधानीभित्रै कैयौँ रोपनी जग्गा उनका नाममा रहेको पनि खुलेको भनिन्छ। आखिर वास्तविकता यही हो भने सरकारले विधि अपनाएर कारबाही चलाउन आमनागरिकले अन्यथा लिने छैनन्। राज्यका नाममा यथेष्ट जग्गाजमिन आयो भने सही सुकुम्बासीको पुनर्वास सहज हुन्छ। राज्यलाई ठगेर खानेहरूको वृत्त अचाक्ली बढेको छ। थापाथलीकै सुकुम्बासी क्षेत्रबाट लखेटिएका धेरैजसो नागरिकले राजनीतिक आडमै आफ्नो डेरा जमाएको पनि सुनियो। मेयरहरू त सहरका हुन्छन्, सुकुम्बासी बस्तीहरूमा पनि भाडा र कर असुल्ने मेयरहरू हुँदा रहेछन्।

अहिलेको सरकारलाई आँखा चिम्लेर बस्नु छैन, उसले देशमा सुशासन ल्याउने भीष्म प्रतिज्ञा गरेको छ। हामी नागरिकले सरकारलाई शत्रुको अवतारमा होइन, साथीको अवतारमा हेर्न जरुरी छ। देशमा दीर्घ प्रतीक्षित सुशासनको हाम्रो सपना यसरी नै एकपछि अर्को गर्दै पूरा हुँदै जाने हुन्। जनताको कल्याणलाई बुझेर र सटीक पहिचान गरेर सरकारले आफ्नो लक्ष्यअनुरूपको पथ निर्धारण गर्नु जनअपेक्षित सत्कार्य हो। शिक्षा, स्वास्थ्य, उद्योग, कृषि र नागरिकका आधारभूत आवश्यकता राज्यका प्रमुख एजेण्डामा हरहमेसा रहनुपर्ने देखिन्छ। निश्चितरूपमा राज्यले सबैको चित्त बुझाउन सक्तैन। तर, राज्यको मूलभूत उद्देश्य बहुसंख्यक जनताको हित, न्याय र सन्तुलन कायम गरेर अधिकतम जनताको समर्थन र विश्वास जित्नु रहनु जरुरी छ। विद्यमान सन्दर्भमा राज्यको बहुसंख्यक नागरिकले चाहेजस्तो राजनीतिक व्यवस्था कायम छ।

सरकारले सय दिने कार्यक्रम सार्वजनिक गरेको अवस्थामा ती सबैलाई जनताको समर्थन पनि प्राप्त छ। सरकार पनि त्यसतर्फ नै केन्द्रित रहेकाले जनतालाई शीघ्र नै देशमा सुशासनको थालनी, भ्रष्टाचारको अन्त र सुनौलो भविष्यका पूर्वाधारहरू खडा हुँदै जानेछन् भन्ने विषयमा निर्धक्क बढिरहेको देखिन्छ। शिक्षा क्षेत्रमा पनि आशातीत परिवर्तनहरू महसुस भइरहेको सन्दर्भमा शिक्षा मन्त्रालयलाई यसै आलेखमार्फत् जनइच्छाको एउटा पाटो बताउन उपयुक्त होला। अभिभावकभन्दा पनि शिक्षार्थीले नै विद्यालय रोजेर आफ्नो स्थानीय विद्यालय छोडेर टाढाका विद्यालय जाने प्रवृत्ति बढ्दो छ। यसले गर्दा अनावश्यक बसशुल्क र विद्यार्थी फर्कन ढिलो भयो भने अभिभावकको टाउको दु:खाइ बढ्ने गरेको देखिन्छ। विकसित मुलुकहरूमा जस्तै विद्यार्थीले अनिवार्यरूपमा आफ्नो वडाभित्रको वा स्थानीय स्कुलमा मात्र भर्ना लिन हाम्रा प्रधानमन्त्रीले भारत भ्रमण गर्ने लगभग निश्चित भई गृहकार्यसमेत चलिरहेको बुझिएको सन्दर्भमा नेपाल-भारतको सम्बन्धलाई पञ्चशीलता र असंलग्न सिद्धान्तहरूकै आधारमा हुर्कन दिने वातावरण बन्नु अत्यावश्यक छ। हामी दुई अलग-अलग स्वतन्त्र सार्वभौम सत्तासम्पन्न राष्ट्र भए पनि सांस्कृतिक दृष्टिकोणले हामी एक हौँ, यो भावनात्मक बोध लिएर नै हामी प्रस्तुत हुनु हाम्रै हितमा हुने आमविश्वास छ। हामी हिमाली मुलुक भएका कारणले पनि अनेक कोणबाट भारत हाम्रो भण्डार पनि हो। भारतमा हाम्रा जडीबुटी र यहाँका रैथाने फसलहरूको ठूलो माग छ। भारतका कैयौँ भूभाग हाम्रै पानीबाट सिञ्चित छन्। नेपालमा रहेका चारधाम र लुम्बिनीले तथा यहाँको स्वस्थकर जलवायु र अद्वितीय पर्वत श्रृंखलाले गर्दा यहाँ अत्यधिक भारतीय पर्यटकहरू आकर्षित छन् र पर्यटनलगायत पुण्य आर्जन गर्न उनीहरू बर्सेनि ठूलो संख्यामा नेपाल भ्रमणमा आउने गर्छन्। हाम्रा लागि पश्चिमी पर्यटकहरूभन्दा भारतीय पर्यटकहरू नै स्वभावले बढी खर्चालु हुनुले हाम्रो अर्थतन्त्रमा समेत उनीहरूको ठूलो योगदान हुनेछ।

ब्याक पेकर्सका रूपमा आउने विदेशीभन्दा प्राकृतिक अवलोकन र यहाँ आएर साहसिला खेलकुदहरूमा सहभागी हुने भारतीयहरू नै बढी लाभदायी देखिएको स्वीकार गर्नैपर्छ। हाम्रो असंलग्न परराष्ट्र नीतिका कारण र बालेन सरकारका सुरुवाती दिनहरूमा देखिएको सकारात्मक भूमिकाका कारण बढीसे बढी भारतीयहरू नेपाल आउन लालायित नै छन्। भारतको बलिउडसँग सम्झौता गरी नेपाललाई भारतीय चलचित्र छायांकनको हब बनाउन सकिने अनेक सम्भावना छन्। शिक्षा, स्वास्थ्य र कृषिमा भारतले हामीलाई संधैँ सहयोग गर्दै आइरहेकै छ। तर, अब हामी कृषि उत्पादनतर्फ बढी सचेत भएकाले मलको आवश्यक आपूर्तिका लागि भारतसँग केही शब्द खर्चिनु अनुपयुक्त नठहरिएला।

स्पष्ट छ, हाम्रा युवा प्रधानमन्त्री बालेन शाहको करिश्माई (केरिस्मेटिक) व्यक्तित्वले गर्दा उहाँलाई भारत भ्रमणका दौरान उहाँको व्यक्तित्वलाई प्रत्यक्ष हेर्न, उहाँसँग संवाद गर्न र उहाँले बोलेको सुन्न नेपालमा जस्तै उहाँ पनि जनसँगर उर्लने नै छ। हामी विश्वस्त छौँ, उहाँको भारत भ्रमण मुर्रा र मुर्रीमा सीमित रहनेछैन। देश राजनीतिक, सामाजिक र आर्थिक संक्रमणकालबाट गुज्रिरहेका बेला प्रम बालेनको भारत भ्रमणले हामी नेपाली जनताको धेरै आशा र आकांक्षा तथा सपना र चाहनाहरू उहाँसँगै रहने कुरामा हामी विश्वस्त छौँ। भारत सदैव हाम्रो हितैषी र हेको छ, हामी पनि भारतको हितविपरीत जानेछैनौँ भन्ने विश्वास लाई यस भ्रमणका क्रममा झन् इस्पातिलो बन्ने अवसर मिल्नेछ। हो, बिगतमा सुगौली सन्धिले (१८१६ इ.सं.) गर्दा नेपालको एउटा ठूलै हिस्सा भारतमा गाभिएको थियो। त्यस सन्धिको पुनरावलोकन गरी विशेष नेपाल-भारत सीमा विवादको समाधानका लागि कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई नेपाली भूभाग मानिनुपर्ने सीमाविद्हरूको एउटा जायज माग पनि छ। त्यो उनीहरूको मात्र माग होइन, त्यो सम्पूर्ण नेपाली जनताको अभिलाषा हो त्यसबारे पनि प्रमको आसन्न भ्रमणले केही ठोस निष्कर्ष पाउला कि भन्ने पनि छ। विद्यमान अवस्थामा पनि भारतीय सुरक्षा फौजले हाम्रा सीमास्तम्भहरू उखालेर जबर्दस्ती सीमा उल्लंघन गर्ने गरेको सन्दर्भ पनि दिल्लीमा हुने वार्तामा अटाउन जरुरी छ।

अन्त्यमा, रुकुम, हुकुम र सुकुम..... हामी सबैको हो नेपाल छ र त हामी छौँ। कर्णाली, मेची, महाकाली सबै हाम्रा हुन्। नेपालमा अहिले सबै स्रोत (जनविद्युत, सोलार र थर्मल) मिलाएर करिब ३ हजार ९ सयदेखि ४ हजार १ सय मेगावाट क्षमतामा विद्युत उत्पादन भइरहेका छन्। त्यसमा कुल उत्पादनको करिब ९५ प्रतिशत बढी जलविद्युत हो। भन्नुको अर्थ जलविद्युतको कुल क्षमता ४ हजार मेगावाट हो भने बाँकी सोलार, डिजेल आदिको। हामीले बिर्सन नहुने के छ भने हाम्रो सम्भव क्षमता ४० हजारभन्दा बढी मेगावाटको छ। अहिले प्रयोगमा आइरहेको १० प्रतिशत मात्र हो, हामी एकआपसमा मिलीजुली देश एवम् जनताका लागि काम गर्दै गयौँ भने हामीले आफ्नो विद्युत ऊर्जा बेचेरै २७ खर्बको ऋणबाट मुक्त हुन सक्छौँ। त्यसका लागि हामी बााच्नुपर्‍यो, स्वस्थ रहनुपर्‍यो, देशका बदमासहरूको चंगुलबाट मुक्त हुनुपर्‍यो।

बदमासीको पनि सीमा नाघेर बजारमा पठाइने चामलमासमेत विषादी हालेर पठाइँदो रहेछ। सरकार, खाद्यान्नमा विषादीको प्रयोग गर्ने जोकोही पनि किन नहोस्, त्यसको पत्तो लगाएर आजीवन कारावासको सजायको व्यवस्था हुनैपर्छ। हामीले स्वस्थ जीवन बाँच्ने अधिकार गुमाउनु भनेको हाम्रो सरकारले कायरता देखाउनु हो। आर्यघाटमा जलाइन लगिएका लासहरूको लाम किन छ? हामी अकाल मृत्युका भागीदार किन बन्यौँ? किन अस्पताल र औषधिहरू अपुग भए? स्वास्थ्यप्रतिको जनचेतना किन डगमगाइरहेछ? किन देशभरि हृदयघातका घटनाहरू बढी रहेछन्? हामी बुझ्दछौँ सरकार 'सय रोगको एक औषधी' (पेनेसिया) होइन, तर बजारमा मिसावट गरिएका नक्कली औषधिहरू नियन्त्रण गर्न नसकिने हो र? बालेन सरकारको सही जित तब आउँछ, जब देशमा कसैको अकाल मरण हुँदैन।

दूषित मिश्रित र विषादी प्रयोग गरिएका खाद्यान्नको व्यापार गर्नेलाई मृत्यदण्ड दिइनुपर्ने व्यवस्था हुनुपर्छ। स्तरहीन औषधि बजारमा ल्याउने लाई पनि सोहीअनुसार सजाय हुनुपर्छ। नेपाली जनताको 'जीवेम शरद शतम' को अधिकार सुरक्षित गर सरकार।

*साभार : कारोबार दैनिक*

# विकासको नयाँ मापदण्ड



✍अमृत गिरी

परम्परागत रूपमा विकासको मापन भौतिक पूर्वाधार, औद्योगिकीकरण र कुल ग्राईस्थ उत्पादन (जिडिपी) वृद्धिका आधारमा गरिँदै आएको छ तर पछिल्लो समय विश्वका धेरै मुलुकले केवल आर्थिक वृद्धिले मात्र मानिसलाई सुखी बनाउन नसक्ने निष्कर्ष निकाल्दै मानसिक सन्तुष्टि, सामाजिक न्याय र पर्यावरणीय सन्तुलनलाई प्राथमिकता दिन थालेका छन्। यही सन्दर्भमा बौद्ध दर्शनमा आधारित 'बौद्ध अर्थशास्त्र' र 'कुल राष्ट्रिय खुसी' (जिएनएच) जस्ता अवधारणा पुन: विश्वव्यापी बहसको केन्द्रमा आएका छन्।

आजको विश्व अर्थतन्त्र तीव्र गतिमा विस्तार भइरहेको छ। ठुला अर्थतन्त्रहरूले उत्पादन र उपभोग विस्तारलाई विकासको प्रमुख सूचकका रूपमा अघि सारेका छन् तर जलवायु संकट, मानशिक तनाव, सामाजिक असमानता र सांस्कृतिक विघटन जस्ता चुनौतीले गम्भीर प्रश्न उठाएको छ, के आर्थिक वृद्धि नै मानव जीवनको अन्तिम लक्ष्य हो?

विश्व अर्थतन्त्र अहिले तीव्र गतिमा अघि बढिरहेको छ। ठुला अर्थतन्त्रहरू कुल गार्हस्थ उत्पादन (जिडिपी) वृद्धि, औद्योगीकीकरण र उपभोग विस्तारलाई विकासको मुख्य सूचककारूपमा प्रस्तुत गरिरहेका छन्। जलवायु संकट, मानसिक तनाव, सामाजिक असमानता र सांस्कृतिक विघटन जस्ता चुनौतीको सामना गर्ने सामर्थ्यको विकास नगरी सुखी हुन सकिँदैन भन्ने त्यहाँका अर्थशास्त्रीको रायलाई सरकारले नै आत्मसात् गरेका छन्। बौद्ध दर्शनमा आधारित बौद्ध अर्थशास्त्र र कुल राष्ट्रिय खुसी जस्ता अवधारणा विश्वका लागि वैकल्पिक सोचका रूपमा चर्चामा आएका छन्।

समतामूलक आर्थिक विकास, पर्यावरण संरक्षण, संस्कृति संरक्षण र सुशासनलाई चार आधारस्तम्भ मानिएको छ। सूचक मापनका लागि मानसिक सन्तुष्टि, स्वास्थ्य, शिक्षा, समयको उपयोग, सांस्कृतिक विविधता, सुशासन, सामुदायिक जीवन, वातावरण र जीवनस्तर जस्ता नौ वटा क्षेत्र तोकिएको छ। यसले मानव जीवनको समग्र गुणस्तर मापन गर्ने अर्थशास्त्रीहरू बताउँछन्।

नोक्सानी न्यूनीकरण, इच्छा नियन्त्रण, अहिंसा र सामाजिक हित, स्थानीय अर्थतन्त्रको प्रवर्धन र उदारता तथा सहकार्यलाई बौद्ध अर्थशास्त्रका आधारभूत सिद्धान्तहरु मानिन्छन्। यस्तो अर्थतन्त्रको उद्देश्य अधिकतम उपभोग होइन, अधिकतम सन्तुष्टि हो। उत्पादन वा विकास गर्दा नाफा मात्र होइन, मानिस, समाज र वातावरणमा पर्ने गम्भीर असरहरुको पनि विचार गर्नु पर्छ। असीमित उपभोग होइन, सन्तुलित जीवन शैलीलाई प्राथमिकता दिनु पर्छ। उत्पादन र उपभोग दुवै प्रक्रिया कसैलाई हानि नपुग्ने गरी हुनुपर्छ। स्थानीय उत्पादन, स्थानीय उपभोग र समुदायकेन्द्रित अर्थतन्त्रमा जोड दिनु पर्छ। व्यक्तिगत लाभभन्दा सामाजिक कल्याणलाई प्राथमिकता दिनु पर्छ।

### *विकासको नयाँ मापदण्ड :*

कुल राष्ट्रिय खुसी नै विकासको नयाँ मापदण्ड भएको छ। यो अवधारणाको सुरुवात भुटानका चौथो राजा जिग्मे सिङ्गे वाङ्चुकले सन् १९७० को दशकमा अघि सारेका थिए। उनले भनेका छन्, "कुल राष्ट्रिय खुसी कुल राष्ट्रिय उत्पादनभन्दा बढी महत्त्वपूर्ण छ।" भुटानले अघि सारेको कुल राष्ट्रिय खुसी (जिएनएच) अवधारणा विश्वका लागि प्रेरणादायी बनेको छ।

देशको विकास त्यहाँका नागरिक कति खुसी छन् भन्नेबाट मापन हुनुपर्छ भन्नु नै यसको अबधारणा हो। यो मापदण्डले केवल आय होइन, मानसिक सन्तुष्टि, स्वास्थ्य, शिक्षा, वातावरण, संस्कृति, सुशासन जस्ता पक्षलाई समेट्छ। बौद्ध अर्थशास्त्रले उपभोग होइन, सन्तुलनको अर्थतन्त्रमा जोड दिन्छ। परम्परागत अर्थशास्त्रको अधिक उत्पादन, अधिक उपभोगको सूत्रलाई बौद्ध अर्थशास्त्रले चुनौती दिन्छ र भन्छ, कम साधनबाट पनि सन्तुलित, शान्त र सन्तुष्ट जीवन सम्भव छ। बौद्ध अवधारणाअनुसार उत्पादन गर्दा वातावरण र समाजमा पर्ने असर विचार गरिन्छ। चरम दोहनबाट उत्पन्न भइरहेका असरबारे अध्ययन गरिन्छ। उपभोगलाई सीमित र सचेत बनाइन्छ स्थानीय स्रोत एवम् श्रमको प्रयोगलाई प्राथमिकता दिइन्छ र नाफाभन्दा मानव कल्याणलाई महत्त्व दिइन्छ।

आजको विश्वमा अति उपभोग नै जलवायु परिवर्तनको मुख्य कारण बनिरहेको विद्वानहरूको ठहर छ। बौद्ध दर्शनका बारेमा शोध गरिरहेका नेपालसहितका विश्वका विभिन्न मुलुकका अर्थशास्त्रीले दिगो जीवनशैलीको स्पष्ट मार्ग नै बौद्ध अर्थशास्त्र र कुल राष्ट्रिय खुसीको अवधारणा रहेकोमा जोड दिएका छन्। लुम्बिनी बौद्ध विश्वविद्यालयसहित विभिन्न ठाउँमा यसबारे पठनपाठन सुरु भएको छ।

हालको विश्व सन्दर्भले बौद्ध अर्थशास्त्रलाई अझ सान्दर्भिक बनाएको छ। बढ्दो क्रममा रहेको जलवायु संकट नै नयाँ अवधारणाको विकासको कारक बनिरहेको छ। अत्यधिक औद्योगिकीकरण र उपभोगले वातावरणीय विनाश बढाएको छ र कैयौँ मुलुकले 'प्रकृतिमा फर्क' (ब्याक टु नेचर) अभियान सुरु गरेका छन्। विकाससँगै पर्यावरण संरक्षण अनिवार्य भएको छ।

बौद्ध अर्थशास्त्र र कुल राष्ट्रिय खुसीले विकासको परम्परागत सोचलाई चुनौती दिँदै मानवकेन्द्रित विकास मोडेल प्रस्तुत गरेका छन्। नेपाल जस्तो सांस्कृतिकरूपमा समृद्ध तर आर्थिक रूपमा चुनौतीपूर्ण देशका लागि यो अवधारणा केवल सैद्धान्तिक होइन, व्यावहारिक समाधान बन्न सक्छ। अब प्रश्न जिडिपी कति बढ्यो भन्ने होइन, जनताको जीवन कति सुखी, सन्तुलित र सम्मानजनक भयो भन्ने हो।

उच्च आय भएका देशमा पनि तनाव, 'डिप्रेसन' र एक्लोपन बढ्दो छ। पैसाले खुसी किन्न नसकिने, असमानताले तनाव उत्पन्न गराउने, धनी र गरिबबिचको खाडल चरमरुपमा बढिरहँदा मानसिक स्वास्थ्य संकट निम्त्याएको छ। कल्याणकेन्द्रित अर्थतन्त्रतर्फ उन्मुख हुन जरुरी रहेको बौद्ध दर्शनका अध्येताको जोड छ।

### *कुल राष्ट्रिय खुसीको प्रभाव :*

संयुक्त राष्ट्रसंघले विश्व खुसी प्रतिवेदन प्रकाशित गर्न थालेको छ। संयुक्त राष्ट्रसंघको महासभाले १२ जुलाई २०१२ मा पारित गरेपश्चात् सन् २०१३ मार्च २० देखि १९३ सदस्य देशले अन्तर्राष्ट्रिय खुसी दिवस मनाउन थाले। विश्व खुसी प्रतिवेदन, २०२४ अनुसार नेपाल ९३ औं स्थानमा छ भने फिनल्यान्ड लगातार सात वर्षदेखि शीर्ष स्थानमा छ। धेरै देशले नीति निर्माणमा खुसी र कल्याणलाई समावेश गर्न थालेका छन्।

*साभार : गोरखापत्र,*

# दुर्घटनाको डिलमा नेपाली फुटबल

काठमाडौं/प्रशासनिकरुपमा नेपाली फुटबलले इतिहासकै सबभन्दा ठूलो संकट सामना गरिरहेको छ। सरकार र अखिल नेपाल फुटबल संघ (एन्फा) बीचको द्वन्द्वका कारण एन्फा राष्ट्रिय निलम्बनको अवस्थामा छ। परिस्थितिमा तत्काल सुधार नआए फिफाले अन्तर्राष्ट्रियरुपमा पनि नेपाललाई निलम्बन गर्ने भन्दै पटकपटक चेतावनी दिइसकेको छ। पछिल्लो पटक फिफाले एन्फामाथिको निलम्बन बिनासर्त फुकुवा गर्न र स्थगित अर्ली इलेक्सनलाई जहाँ रोकिएको थियो, त्यहींबाट पुनर्स्थापित गर्ने वातावरण बनाउन बैशाख २१ गतेसम्मको अल्टिमेटम दिएको छ। त्यसो नगरे त्यसपछि नेपाललाई अन्तर्राष्ट्रिय फुटबलबाट पनि निलम्बन गर्ने चेतावनी दिइएको थियो।



जवाफमा राखेपले फिफालाई भौतिक बैठकको प्रस्ताव गरेको छ। भौतिकरुपमा बैठक बस्न पाए फिफालाई नेपालको वास्तविक चित्र देखाउन सकिने र सरकारले हस्तक्षेप गर्न खोजेको नभइ एन्फालाई विधानसम्मत् चलाउन प्रयास गरेको बुझाउन सकिने राखेपको विश्वास छ। एन्फा नेतृत्व चाहिं फिफाले निलम्बन नै गर्ने डंका पिटिरहेको छ। विगतदेखि सरकारलाई यसो गरे फिफाले हस्तक्षेप मान्छ र तुरुन्त निलम्बन लगाउँछ भनेर दिएका धम्की पटकपटक सत्यसाबित नभएको अवस्थामा अब चाहिं एकपटक फिफाबाट निलम्बन नै होस् भन्नेजस्तो एन्फा नेतृत्वको चाहना देखिन्छ। त्यसो भयो भने कम्तिमा हामीले त भनेकै हो नि भनेर सरकारमाथि सबै दोष थोपरेर उम्कन पाइने उनीहरुको बुझाइ हुनसक्छ।

तर, उनीहरुले भनेझैं सबै दोष सरकारलाई बोकाउन त्यति सजिलो पक्कै हुने छैन। सरकारको भागको दोष उसले बोक्नैपर्छ। त्यसभन्दा बढी दोषको भागीदार एन्फा हुनेछ। किनकि, निलम्बनमा परिसकेपछि फिफाले हालजस्तो एन्फा र नेपाललाई महत्व दिने छैन। नेपाली फुटबलमा अनिश्चित कालीन रिक्तता आउनेछ। अनि बिगतमा भएका सबै कामको हिसाबकिताब सुरु हुनेछ।

एन्फा पदाधिकारी, विपक्षी, खेलाडी, प्रशिक्षक, क्लब, जिल्ला, राखेप, मन्त्रालय सबैका सबैखाले कामहरुको हिसाबकिताब हुँदा पनि सबभन्दा कम अंक एन्फाको भागमा पर्नेछ। किनकि, पूरा कार्यकाल विवादमा बिताएको, शीर्ष डिभिजनको लिगसमेत गर्न नसकेको, सयौं खेलाडी विदेश पलायन भएको, कुशासन र अनियमितता तथा सबैखाले बेथितिको भारी चाहिं एन्फा नेतृत्व एक्लैले बोक्नुपर्नेछ।

एन्फामाथि आफ्नै विधानविपरीत काम गरेको, देशको कानुनविपरीत क्रियाकलाप गरेको, सरकारको निर्देशन पूर्णरुपमा लत्याएको, साधारणसभा तथा कार्यसमितिमा आफैले गरेको निर्णयविपरीत अकण्टकरुपमा सत्ताकब्जाको प्रयासस्वरुप सरोकारवालाहरुको विरोधलाई समेत बेवास्ता गर्दै जबर्जस्ती अवैधानिक तबरमा अर्ली इलेक्सन गर्न खोजेको, आर्थिक तथा प्रशासनिक कुशासनमा नेतृत्व लिप्त भएको, फुटबल गर्ने काममा उदासिन देखिएको, घरेलु खेलसमेत विदेशमा खेलाउन विभिन्न प्रपञ्च गरेर राष्ट्रिय गौरवमाथि प्रहार गरेको, अति गुटबन्दी र व्यक्तिगत् स्वार्थमा तल्लीन रहेको जस्ता आरोप छ।

यस्तै आरोपहरुको जगमा तयार भएको एउटा संकटग्रस्त समयमा राष्ट्रिय खेलकुद परिषद (राखेप) ले चैत ११ गते एन्फालाई ३ महिनाका लागि निलम्बन गरेको थियो। जसका कारण फिफा र एएफसीका प्रतिनिधि तथा साधारणसभाका सदस्यहरु झापा पुगिसकेपछि चैत १२ गते साँझ एन्फाले विवादास्पद् अर्ली इलेक्सन रोकेको थियो। राखेपले एन्फालाई ११ बुँदे सर्त राखेर त्यसको सम्बोधन गर्नेबित्तिकै निलम्बन खोल्ने भनेको थियो। तर, एन्फाले भने बिनासर्त निलम्बन फुकुवा गर्नुपर्ने अडान राख्न थाल्यो। बरु, सरकारलाई दबाबमा पार्ने उद्धेश्यमा फिफा तथा एएफसीबाट विभिन्न चेतावनीयुक्त पत्रहरु राज्यका नाममा लेखाउन थाल्यो। निलम्बनको नाममा चैत २९ र बैशाख २ मा थाइल्यान्डमा भएको फिफा सिरिजमा नेपाली टोली नखेल्ने भनेर फिफालाई पत्राचार गर्‍यो। नेपालको अनुपस्थितिमा फिफाले इन्डोनेसियालाई त्यस अवसर दियो। फिफा सिरिजबाट आफैं नाम फिर्ता लिए पनि साफ महिला च्याम्पियनसिपका लागि भने तयारी गर्ने भन्दै खेलाडीलाई बन्द प्रशिक्षणमा बोलायो।

भारतको गोवामा जेठ ११ देखि २२ सम्म हुने साफ महिला च्याम्पियनसिप आउन तीन साताको समय बाँकी छ। यसमा पनि नेपालको सहभागिता सम्भावना अझै अन्यौलमा छ। तर, एन्फाले यसमा बन्द प्रशिक्षणको नाममा खेलाडी बोलाएर सरकारसँग अर्को भावनात्मक कार्ड खेल्न खोजेको देखिन्छ। सरकारलाई गलाउन एउटा प्रतियोगितामा सहभागिता नै नगराउने अनि अर्को प्रतियोगिताका लागि टिम बोलाउने जस्तो द्वैध चरित्र एन्फाले देखाएको छ। सँगै, अन्तर्राष्ट्रिय निकायबाट लगातार चेतावनीयुक्त पत्रहरु लेखाएर पनि सरकारको नाडी छाम्ने प्रयास गरिरहेको छ।

प्रशासनिकरुपमा कुशासनको आरोप लागेको एन्फाले यसबीचमा पनि लोकतान्त्रिक र विधिसम्मत् प्रक्रिया भने अपनाएको देखिन्न। २०७९ असारमा वर्तमान कार्यसमिति निर्वाचित भएयता एन्फामा नियमित बैठकको तुलनामा आकस्मिक बैठकको संख्या धेरै बढी छ। आकस्मिक साधारणसभाको समेत एन्फाले अभ्यास गरिसक्यो। सामान्यत: जब संस्था अप्ठेरोमा पर्छ, त्यसबेला आकस्मिक नै भए पनि, भर्चुअल नै भए पनि बैठक बसेर गहन छलफल गरिन्छ र सामूहिक निर्णय लिइन्छ। तर, आपत्कालीन, आकस्मिक र भर्चुअल बैठकहरुको ठूलै शृंखला व्यक्तिगत् स्वार्थप्रेरित ससाना विषयका लागि गरिसकेको एन्फाले संस्थामाथि इतिहासकै सबभन्दा ठूलो संकट आइपर्दा भने एउटा बैठकसम्म बसेको छैन।

कार्यसमितिका कतिपय सदस्य तथा पदाधिकारीहरुले बैठक बोलाउन नेतृत्वलाई गुहारिरहेका छन्। तर, नेतृत्वले त्यसलाई रत्तिभर पनि वास्ता गरेको छैन। बरु, आफूखुसी सरकारलाई गलाउने प्रयासमा मात्र लिप्त छ। जसबाट नेतृत्वमा फुटबल भनेकै म, म भनेकै फुटबल जस्तो दम्भ पलाएको देखिन्छ। कम्तिमा सरकारको बुझाइ यस्तो हुनसक्छ। यसबीचमा एन्फा नेतृत्वले बिर्सेको अर्को विषय के हो भने निलम्बनमा परेको प्रशासन हो, फुटबल होइन। जबकि, निलम्बनको बहानामा एन्फा नेतृत्वले मैदानको फुटबललाई पूर्णरुपमा बेवास्तामात्र गरेको छैन, बरु राखेपले चलाउन सकेको खोइ ? भनेर सरकारलाई थप चिढ्याउने काम गरिरहेको छ। निलम्बनको अवस्थामा पदाधिकारीलाई विदेश भ्रमणमा जान नदिने सरकारी निर्णयविरुद्ध जेहाद छेडिरहेको छ।

निलम्बन भनिए पनि एन्फा कार्यालय राखेपले कब्जामा लिएको छैन। बैंक खाता रोक्का गरेको छैन। चुनावबाहेक एन्फालाई कुनै पनि काम गर्न प्रतिबन्ध लगाइएको छैन। यस्तो बेला एन्फा नेतृत्वले बरु पूरा देशलाई फुटबलमय बनाएर सरकारसँगै समर्थक र सरोकारवालाको मन जित्ने प्रयास गर्नुपर्थ्यो। कार्यसमिति बैठकबाट औपचारिकरुपमा पारित गराएर राखेपले दिएको ११ बुँदे सर्त पूरा गर्नेतर्फ प्रयास थाल्नुपर्थ्यो। तर, एन्फाले त्यसो केही पनि गरेन। बरु, सरकारी हस्तक्षेपका कारण पूरा फुटबलमय देश एकाएक ठप्प भएको भाष्य खडा गर्न खोज्यो। सामाजिकसञ्जालमार्फत् सरकारका कारण देशमा व्यावसायिक रहँदै आएको फुटबल र त्यसले सिर्जना गरेको हजारौं रोजगारी खोसिएको तर्क गर्न थाल्यो। तीन वर्षदेखि लिगसमेत नगरेको एन्फाले यस्ता भाष्य स्थापित गर्न खोज्दा कसैले पत्याउने सम्भावना थिएन। पत्याइरहेका छैनन्। समस्या समाधानको बाटोमा एन्फाको यस कदम थप अवरोध सिर्जना गर्ने माध्यम बनिरहेको छ।

वास्तवमै नेपाली फुटबल चरम समस्यामा थियो। देशभित्र अत्यन्त लोकप्रिय खेल प्रशासनको नालायकीका कारण अस्तित्व खोज्नुपर्ने अवस्थामा पुग्दै थियो। फुटबललाई फेरि ट्रयाकमा फर्काउन कहींकतैबाट जबर्जस्त सकारात्मक हस्तक्षेप आवश्यक थियो। सरकारबाट भएको हस्तक्षेपलाई कुटनीतिक भाषिक लेप लगाएर प्रशासनिक सुधारमा सहयोगका रुपमा स्वीकारेर फुटबल प्रशासन अगाडि बढ्नु जरुरी छ। जसबाट नेतृत्वको तत्काल विदेश भ्रमणका केही व्यक्तिगत् स्वार्थ पूरा नहोला। तर, यही संकटलाई अवसरका रुपमा प्रयोग गर्दै फुटबल प्रशासनलाई बलियो र मैदानभित्रको फुटबललाई व्यापकता दिन सकिन्थ्यो।

एन्फाको अर्को तर्क छ–हामीले मानेरमात्र हुँदैन। फिफाले मान्दैन र निलम्बन लगाउँछ। हो, विश्व फुटबलको सर्वोच्च निकाय फिफाले आफ्ना कुनै पनि सदस्य संघमाथि तेस्रो पक्षबाट हुने कुनै पनि खालको हस्तक्षेप स्वीकार्दैन। तर, कुन विषय हस्तक्षेप हो, कुन विषय होइन भन्ने कुराको निर्क्योल गर्नेमा चाहिं उसले प्रारम्भिक चरणमा आफ्नै सदस्यको कुरा बढी सुन्छ। यसकारण पनि नेपाललाई निलम्बनबाट जोगाउने सबभन्दा ठूलो जिम्मेवारी एन्फाको हो। देशभित्रको वास्तविक चित्र पुर्‍याएर जिल्लादेखि नै चुनाव गर्ने लोकतान्त्रिक विधि स्वीकार्ने विषयमा फिफालाई सम्झाउन एन्फाको भूमिका सबभन्दा प्रभावकारी हुन्छ। अन्यथा फिफाले निलम्बनपछि एन्फा र यहाँका पदाधिकारीलाई कुनै वास्ता गर्ने छैन। एन्फा र त्यसका पदाधिकारीमात्र होइन, पूरा देशलाई नै वास्ता गर्ने छैन। फेरि फिफाको छाताभित्र फर्किन अनिश्चितकालसम्म प्रतीक्षा गर्नुपर्छ। लामै समयसम्म नेपाली फुटबल मेची–महाकालीको घेराभित्र सीमित हुनसक्छ।

प्रशासकहरुको स्वार्थको द्वन्द्वमा खेलाडी र खेलकर्मीहरु अझै बढी पिसिनुपर्छ। सरकारले अवैधानिक तवरले चलेको फुटबललाई ट्र्याकमा ल्याउन खोजेको भनेर पन्छिएला। एन्फा नेतृत्व त त्यसपछि समर्थक र सरोकारवालाको पहुँचमा नै नआउने गरी अदृष्य होलान। नभए पनि सरकारलाई दोष थोपरेर पन्छिएलान्। सरकार र एन्फा नेतृत्वबीचको लडाईंको शिकार खेलाडी र खेलकर्मी हुनुपर्छ। समर्थक हुनुपर्छ।

र, महत्वपूर्ण कुरा के भने भोलि कुनै दिन फेरि नेपाल फिफाको छाताभित्र फर्किन पनि सबै पक्षको सहमति आवश्यक हुन्छ। सरकार सँग त अनिवार्य नै हुन्छ। यसकारण नेपाली फुटबलको सर्वोच्च निकाय तथा नेपाल र अन्तर्राष्ट्रिय फुटबललाई जोड्ने पुल हुनाको नाताले पनि यतिबेला सबभन्दा परिपक्व एन्फा नेतृत्व हुनु जरुरी छ। वर्तमान समस्याको सर्वोत्कृष्ट सम्भावित निकास निकाल्ने इमान्दार प्रयास एन्फाले सुरु गर्नुपर्छ। त्यसका लागि सबभन्दा पहिला कार्यसमिति बैठक बसेर वा आवश्यक परे सरोकारवालाको भेला नै बोलाएर वर्तमान परिस्थितिको समीक्षा गर्दै उचित कार्यदिशाबारे सामूहिक निर्णय गर्नुपर्छ। र, दुर्घटनाउन्मुख फुटबललाई सुशासन, विकास र पारदर्शिताको राजमार्गमा हुइँक्याउन सक्नुपर्छ।

# 'अब लाइसेन्स र ब्लुबुक नखोसिने

काठमाडौं/के तपाई ट्राफिक नियम उलंघनमा परेपछि प्रहरीलाई सवारीचालक अनुमतिपत्र र ब्लुबुक बुझाउँदा हैरानी खेप्नुभएको छ ? ट्राफिक व्यवस्थापनका लागि खटिने प्रहरीको पनि त्यसरी कागजपत्र लिनु रहरको विषय नहुन सक्छ। हालसम्मको अभ्यासमा ट्राफिक कारबाहीमा सवारीचालकको कागजपत्र जाँच गर्ने र जरिवाना गराउने कार्य हुँदै आए पनि अब सवारीचालक र ट्राफिक दुवैलाई यो झन्झट नहुने भएको छ।

सर्वोच्च अदालतले ट्राफिक नियम उलंघन गरेको आधारमा सवारीचालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायत कागजपत्र नियन्त्रणमा लिनु कानुनविपरीत भएको ठहर गरेपछि ट्राफिक व्यवस्थापन र कारबाहीमा नयाँ अभ्यास देखिने भएको छ। न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र श्रीकान्त पौडेलको संयुक्त इजलासले पुस ६ गते गरेको फैसलाको हालै सार्वजनिक भएको पूर्णपाठमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको चालक अनुमतिपत्र, ब्लुबुक लगायत कागजपत्र र चाबी नियन्त्रणमा नलिन फैसला गरेको हो।

नेपाल ल क्याम्पसमा अध्ययनरत् कानुनका विद्यार्थी विवेक चौधरीले दायर गरेको रिट निवेदनमाथि यस फैसला भएको हो। निवेदक चौधरी २०८१ साउन ४ गते बबरमहलमा ट्राफिक लाइट उलंघनमा पर्दा प्रहरीले जरिवाना गरी लाइसेन्स नियन्त्रणमा लिएको र २४ घण्टापछि मात्र फिर्ता दिएको समस्या लिएर अदालत गएका थिए। उक्त विषयमा अदालतले सरोकारवाला सबै निकायसँग छलफल गरी निष्कर्षमा पुग्दा ट्राफिक नियम उलंघन गरेको आधारमा सवारीचालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायत कागजपत्र नियमन्त्रणमा लिनु कानुनविपरीत भएको ठहर गरेको हो।

ट्राफिक प्रहरी कार्यालयले सवारीचालकहरुको सवारीचालक अनुमतिपत्रसमेत नियन्त्रणमा लिने सम्बन्धमा कुनै निर्णय गरेको देखिएन। 'सार्वजनिक अधिकारीको स्वेच्छाचारितालाई अदालतले मान्यता दिन हुँदैन, यसमा आवश्यक नियन्त्रण गर्नु जरुरी हुन्छ,' फैसलामा भनिएको छ–जहाँ स्वेच्छाचारिताले प्रश्रय पाउँछ, त्यहाँ कानुनी राज्यको आदेश निमोठिन पुग्छ। अदालतले ट्राफिक प्रहरीले निवेदक र अन्य व्यक्तिको सवारीचालक अनुमतिपत्र, ब्लुबुक, चाबीलगायत कागजपत्र नियन्त्रणमा लिन कानुनले अनुमति प्रदान नगरेको अवस्थामा नियन्त्रणमा लिने गरेको भन्ने देखिएको हुँदा त्यस्तो स्वेच्छाचारी र कानुनविपरीत कार्य रोक्न निर्देशनात्मक आदेशसमेत गरेको छ।

फैसलामा भनिएको छ–सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारीचालकको अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा लिने कार्य नगर्नु/नगराउनु भनी विपक्षीहरुको नाउँमा निर्देशनात्मक आदेश जारी छ। अदालतले गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय र काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका नाममा उक्त निर्देशनात्मक आदेश गरेको हो।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने व्यवस्था भने गरेको छ। ऐनको (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पहिलोपटक ट्राफिक नियम उलंघन गर्नेलाई पाँच सय, दोस्रोपटक गर्नेलाई एक हजार र तेस्रोपटक वा सोभन्दा बढी पटक गर्नेलाई एक हजार ५ सय जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्ने व्यवस्था छ।

ट्राफिक प्रहरीले जरिवाना गर्न सक्ने अवस्थाहरुमा ट्राफिक संकेत वा इशारा उलंघन गरी सवारी चलाए, सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याए, सवारी मोड्न वा ध्वनि संकेत दिन निषेध गरिएको ठाउँमा सवारी मोडे, सडकमा गलत मार्गतर्फबाट सवारी चलाए, एकतर्फी सडकमा सोविपरीत सवारी चलाए, अवस्था ठीक नभएको सवारी सञ्चालन गरेलगायत छन्। निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा, राति बत्ती नबाली सवारी चलाए, मादकपदार्थ सेवन गरी सवारी चलाए, अरुलाई बाधा पुग्ने गरी सार्वजनिक स्थानमा सवारी राखेमा, सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाए, नम्बर प्लेट नराखी सवारी चलाए, सवारीको वजनको हद निर्धारण गरिएको ठाउँमा निर्धारित वजनभन्दा बढी भएका सवारी चलाए प्रहरीले जरिवाना गर्न सक्नेछ।

पेटी नबाँधी वा हेल्मेट नलगाइ सवारी चलाए, सवारीमा बस्ने वा राखे मानिस वा मालसामानको हद निर्धारित गरिएकामा सोहद भन्दा बढी राखी सवारी चलाए, सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरे, निर्धारित भाडा दरभन्दा बढी भाडा लिइ सवारी चलाए, लापरबाही साथ सवारी चलाए, बाटो इजाजतपत्र नलिइ सार्वजनिक सवारी चलाए र चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाए जरिवाना गर्ने व्यवस्था छ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ ले ट्राफिक प्रहरीलाई केवल जरिवाना गर्ने अधिकार दिएकोमा कानुनले तोकेको भन्दा बढी अधिकार प्रयोग गरी सवारीचालक अनुमतिपत्र नियन्त्रणमा लिँदा व्यक्तिको आवतजावत गर्ने र आफ्नो पेसा/व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतामा अनुचित बन्देज लाग्ने अदालतले ब्याख्या गरेको छ। फैसलामा भनिएको छ–विधिको शासनको विपरीत हुनजान्छ, नेपालको संविधानको धारा १८ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरेको अवस्थामा कानुनविपरीत प्रहरीले कुनै चालकको सवारीचालक अनुमतिपत्र नियन्त्रणमा लिने कार्यले नेपालको संविधानको धारा १८ अन्तर्गत् समान संरक्षणको हकलाई समेत असर पार्दछ।

अदालतले व्यक्तिको हक अधिकार वा स्वतन्त्रतालाई असर पार्ने जुनसुकै कार्य पनि स्पष्ट कानुनी शक्तिको आधारमा गरिएको हुनुपर्ने र जुन काम प्रत्यक्षरुपले गर्न पाइँदैन, त्यो काम अप्रत्यक्षरुपले समेत गर्न नमिल्ने भनेको छ। फैसलामा भनिएको छ–सवारी नियम उलंघन गरे हुने सजायअन्तर्गत् चालक अनुमतिपत्र, ब्लुबुक र चाबी कब्जामा लिने कानुनी व्यवस्था अभावमा सोकार्य कुनै निकाय वा अधिकारीबाट हुन्छ भने उक्त कार्यले व्यक्तिको मर्यादालाई असर पार्ने हुँदा यस प्रकारका सवारी नियम उलंघन भएको अवस्थामा चालक अनुमतिपत्रलगायत कागजात नियन्त्रणमा लिनु न्यायपूर्ण मान्न नमिल्ने हुँदा निवेदकबाट अनुमतिपत्रलगायत कागजात कब्जामा लिने कार्य गैरकानुनी देखिन आयो। कानुनी व्यवस्थालाई हेर्दा, सवारी नियमको उलंघन गरेबापत् सवारीचालकको सवारी चालक अनुमतिपत्र वा अन्य सवारीसँग सम्बन्धित कागजात नियन्त्रणमा लिने, जफत गर्ने अधिकार ट्राफिक प्रहरीलाई कानुनले दिएको कहीं पनि नदेखिएको अदालतले ब्याख्या गरेको छ।

# दाउन्नेमा सकियो एकतर्फी ढलान



नवलपरासी/नारायणगढ–बुटवल सडक विस्तार आयोजना अन्तर्गत् पूर्वी खण्डको दाउन्नेमा सडकको एकतर्फी ढलान सकिएको छ। आयोजनाको पूर्वी खण्डका सूचना अधिकारी शिव खनालका अनुसार दाउन्नेमा एकतर्फी ढलानको काम सम्पन्न भएको हो। पूर्वी खण्डमा दाउन्ने करिब चार किलोमिटर पर्नेमा एकतर्फीरुपमा ढलानको काम सकिएको उनले बताए।

एकतर्फी ढलानको काम सकिएको र अब चाँडै उक्त क्षेत्रमा पक्की सडकबाट यातायात सञ्चालन हुनेछन्। दाउन्नेमा ढलानको काम नसकिँदा सामान्य वर्षा हुँदा सवारी जामको समस्या भोग्दै आउनु परेको थियो। अब चौध दिन पूरा भएपछि दाउन्नेको पूर्वी खण्डमा ढलान सडकबाट यात्रा गर्न सकिने सूचना अधिकारी खनालले बताए। 'दाउन्नेमा एकतर्फी ढलानको काम सकिएको छ। अब चाँडै यात्रा सहज हुनेछ,' सूचना अधिकारी खनालले भने। दाउन्नेमा एकतर्फी ढलानको काम सकिएसँगै नारायणगढ–बुटवल सडक आयोजना अन्तर्गत् पूर्वी खण्डको पूरै भाग ६५ किलोमिटर सडक कालोपत्र र ढलानले जोडिएको सूचना अधिकारी खनालले बताए। 'दाउन्नेमा एकतर्फी ढलानको काम सकिएसँगै पूरै ६५ किलोमिटर सडक कालोपत्र र पक्की सडकले जोडिएको छ,' सूचना अधिकारी खनालले भने–अब चौध दिनपछि पूर्वी खण्डका सबै क्षेत्रमा कालोपत्र र पक्की सडकमा यात्रा गर्न सकिन्छ।

दाउन्नेको पूर्वी खण्डमा पक्की सडकले जोडिए पनि पश्चिम खण्डमा भने अझै पूर्णरुपमा ढलान सकिएको छैन। नारायणगढ–बुटवल सडक विस्तारको काम २०७५ माघ २४ गते सम्झौता भइ २०७९ साउन २२ गते सम्पन्न गर्ने गरी चाइना स्टेट कन्स्ट्रक्सन कर्पोरेसन प्रालिले काम सुरु गरेको थियो। नारायणगढ–बुटवल सडकको कुल १ सय १३ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी काम अघि बढाइएको थियो। निर्धारित समयमा काम सम्पन्न नभएपछि पटकपटक म्याद थप गरिएको थियो। हाल चौथो पटक थपिएको म्यादमा काम अघि बढिरहेको छ। आयोजना सुरु भएको सात वर्ष पूरा हुँदा उक्त खण्डको यात्रा सहज हुँदै गएको छ। एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा अघि बढेको सडक विस्तार योजनाको दुवै खण्ड गरेर कुल करिब १७ अर्ब लागत छ।

# बुद्धजयन्तीमा झाडी सफाइ



हेटौंडा/पश्चिम मकवानपुरको मनहरीआसपासमा रहेका गुम्बाहरु मिलेर हरेक वर्ष बुद्ध जयन्तीको दिन ज्याली र औपचारिक कार्यक्रमहरु आयोजना गरी बुद्धदर्शनको सन्देशप्रवाह गरिरहेका हुन्थे। तर, यसपटक हरेक गुम्बाहरुमा आफ्नै ढंगको पुजाआजा गरी औपचारिकता व्यक्त भयो।

२५७० औं बुद्धजयन्तीको अवसरमा विश्वभर रहेका ५० करोड बुद्धमार्गीले हरेक ढंगले गौतम बुद्धलाई सम्झिरहँदा मनहरी गाउँपालिका वडा–७ का बुद्धमार्गीहरुले भने पार्क सफाइ गरेर बुद्धजयन्ती मनाएका छन्।

मनहरी गाउँपालिका–७ स्थित बुद्धशान्ति हरितपार्क क्षेत्रको झाडी सफाइ गरी मनकामना सामुदायिक वन उपभोक्ता समूह, सबडिभिजन वन कार्यालय मनहरी, छोयफेल गुम्बालगायतले बुद्धजयन्तीलाई सिर्जनात्मक बनाएका थिए। स्थानीय टोलविकास संस्था, युनिभर्सल लर्निङ एकेडेमी समेत मिलेर झाडी सफाइ गरिँदा बुद्धशान्ति हरित पार्क आकर्षक देखिएको छ। मनकामना सामुदायिक वन उपभोक्ता समूहको अगुवाइमा भएको झाडी सफाइ तथा सरसफाइ कार्यक्रममा झण्डै १ सय ५० भन्दा बढी व्यक्तिले निरन्तर ३ घण्टा श्रम गरेका थिए।

विहान ७ बजे सुरु भएको सफाइ १० बजे सकिएको समूह अध्यक्ष सुरेश मुक्तानले बताए। पार्क फोहर देखिएकाले यस वर्ष ज्यालीभन्दा पनि झाडी सफाइमा बुद्धमार्गीहरुलाई जोडिएको उनले बताए। बागमती प्रदेश सरकार र स्थानीय सरकारको लगानीमा निर्मित बुद्धशान्ति हरित पार्क थकाइ मार्ने र हरियाली वातावरणमा रम्न चाहनेहरुका लागि गन्तव्यका रुपमा विकास हुँदै आएको छ।

## जिल्लाजिल्लामा पुग्दै प्रदेश बन मन्त्रालय

हेटौंडा/बागमती प्रदेश बन तथा वातावरण मन्त्रालयको सक्रियतामा विभिन्न जिल्लाका मन्त्रालयसँग सम्बन्धित कार्यालयहरुले आर्थिक वर्ष २०८३/०८४ को योजना तर्जुमा तथा छलफल कार्यक्रम आयोजना गरिरहेका छन्।

डिभिजन बन कार्यालय दोलखा र भू तथा जलाधार व्यवस्थापन कार्यालय दोलखाले शनिबार आर्थिक वर्ष २०८३/०८४ को योजना तर्जुमा तथा छलफल कार्यक्रम आयोजना गरेको छ।

प्रदेशका वन तथा वातावरण मन्त्री भरतबहादुर केसीको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा डिभिजन बन कार्यालय प्रमुख अनिल रेग्मी र भू तथा जलाधार व्यवस्थापन कार्यालय प्रमुख मंगल जागृतले आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गर्ने कार्यक्रमबारे जानकारी गराएका थिए।

कार्यक्रममा प्रदेश सांसद उर्मिला सुनुवार र ठूला थामी, भीमेश्वर नगरपालिका प्रमुख ईश्वर नारायण मानन्धर, जिरी नगर पालिका प्रमुख मित्र जिरेल, मेलुङ गाउँपालिका अध्यक्ष हीरा थोकर, कालिञ्चोक गाउँपालिका अध्यक्ष अर्जुन शिवाकोटी, पालिका उपप्रमुख लगायतको सहभागिता थियो।


आफ्नो मन्त्रालय मातहतका कार्यालयहरुको कामको रफ्तार र योजनाहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न बनाउन र स्थानीयस्तरमै समस्या तथा गुनासाहरु सुन्न जिल्लाजिल्लामै पुगेर कार्यक्रम गर्न थालिएको बागमती प्रदेश बन तथा वातावरण मन्त्री केसीले बताए। उक्त कार्यक्रम रसुवापछि दोलखामा आयोजना गरिएको प्रदेश मन्त्री केसीले बताए।







**आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा**




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

जलवायु परिवर्तन, नीतिगत् असन्तुलन

# घरनजिक खोला, हान्न पाइन्न जाल

सन्देश संवाददाता

हेटौंडा/घरनजिकबाट खोला बग्छ । तर, मकवानपुरका बोटे समुदायले जाल हान्न पाउँदैनन् । घरको छेवैमा अम्रिसो छ । तर, वनकरियाले आफ्नो रैथाने पेसा कुचो बनाएर बेच्न पाउँदैनन् । चेपाङ समुदायमा दाइजोमा नै पाएको चिउरी फुल्छ । तर, फल लाग्दैन । यी समस्या मकवानपुरका आदिवासी जनजाति, सीमान्तकृत र लोपोन्मुख समुदायको हो, जसको प्रथाजनिक अभ्यास जीवनशैली नै जल र जंगलसँग जोडिएको छ ।

यी समुदायलाई समस्या थाहा छ तर कारणबारे भने अगुवाबाहेक सदस्य अनविज्ञ छन् । नदी, वन र पहाडसँग गहिरो सम्बन्ध गाँसेर पुस्तौंदेखि प्रकृतिसँग सहअस्तित्वमा बाँचेका समुदायहरु विकासको बदलिँदो स्वरुप, संरक्षण नीतिको कठोरता र जलवायु परिवर्तनको असरको दोहोरो–तेहोरो दबाबमा भएको अगुवाहरुको बुझाइ छ । उनीहरुको परम्परागत् ज्ञान, पुर्खौंदेखि हस्तान्तरण हुँदै आएको जीवनपद्धति, सांस्कृतिक अभ्यास र जीविकोपार्जनका आधारहरु क्रमशः कमजोर बन्दै गएका छन् ।

*आदिवासीको संस्कृति र संघर्ष*

मकवानपुर तराई, चुरे र महाभारत शृंखलाको संगमस्थलका रुपमा जिल्ला जैविक विविधता र सांस्कृतिक विविधताको धनी छ । यही भुगोलमा चेपाङ, बोटे, तामाङ, वनकरियालगायत आदिवासी समुदायले आफ्नै मौलिक जीवनशैली, संस्कृति र प्राकृतिक स्रोतसँग जोडिएको जीवनपद्धति विकास गरेका छन् । नदीकिनारमा बसोबास गर्ने बोटे समुदायको जीवन नदीसँग गाँसिएको छ भने वनक्षेत्रमा बसोबास गर्ने चेपाङ, तामाङ र वनकरिया समुदायको जीवन वन, जमिन र मौसमी चक्रसँग जोडिएको छ ।

*नदी र बोटेको सम्बन्ध टुट्दै*

बोटे समुदायको परम्परागत् पेसा माछा मार्ने, डुंगा चलाउने, नदी पार गराउने र नदीकिनारका स्रोतहरुको उपयोगमा आधारित थियो । नदीसँग जोडिएका यी कार्य उनीहरुको आयस्रोतमात्र होइन, संस्कार, संस्कृति र सामुदायिक पहिचानको केन्द्र नै थियो । जन्मदेखि मृत्युसम्मका धेरै संस्कारमा माछा र नदीसँग जोडिएका सांस्कृतिक अभ्यासहरु समावेश गरिएका थिए ।

कान्छीमाया बोटे भन्छिन्–पहिले नदीले नै हाम्रो घर चल्थ्यो । माछा मारेर, डुंगा चलाएर, नदीकिनारका स्रोत प्रयोग गरेर जीवन सहज चल्थ्यो । हाल खोला हाम्रो अगाडि छ, तर त्यसबाट जीवन चलाउन पाइँदैन । राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र नदीजन्य स्रोतको उपयोगमा कडाइ गरिँदा बोटे समुदायको पुस्तौंदेखिको पेसा संकटमा परेको उनको भनाइ छ । 'नदीमा जाल हाल्न नपाउने, माछा मार्न रोक लगाइने र वनक्षेत्रमा पहुँच सीमित हुँदा समुदाय मजदुरी, इँटाभट्टा, अस्थायी रोजगारी र वैकल्पिक आयस्रोत खोज्न बाध्य भएका छौं,' उनले भनिन्–माछाबिना हाम्रो संस्कारै रोकिन्छ । जन्मदेखि मृत्युसंस्कारसम्म हाम्रो जीवन नदी र माछासँग गाँसिएको छ । नदीबाट टाढा हुनु भनेको आफ्नो पहिचानबाट टाढा हुनु हो । उनका स्वरमा केवल आर्थिक संकट होइन, अस्तित्वको चिन्ता पनि मिसिएको छ ।

*चेपाङमाथि थपिएको चुनौती*

मकवानपुरको पश्चिमी भेगमा बसोबास गर्ने चेपाङ समुदायको कथाव्यथा पनि उस्तै छ । नेपालको अत्यन्त सीमान्तकृत आदिवासी समुदायमध्ये एक चेपाङ समुदायको जीवन खोरिया खेती, कन्दमूल संकलन, चिउरी, मौरीपालन, वनजन्य खाद्यपदार्थ र स्थानीय सिपमा आधारित छ । संविधानसभा सदस्य गोबिन्दराम चेपाङका अनुसार चेपाङ समुदायमा छोरीको विवाहमा चिउरीको रुख दाइजो दिने परम्परा कतिपय ठाउँमा जीवित छ ।

उनी भन्छन्–चिउरी हाम्रो समुदायका लागि रुखमात्र होइन, जीवनचक्रसँग जोडिएको सम्पत्ति हो । यसको फल खान, बीउबाट तेल निकाल्न, पशुलाई घाँस दिन, मौरीपालन गर्न र घरायसी आवश्यकतामा प्रयोग गरिन्थ्यो । छोरीलाई चिउरी दिनु भनेको उसलाई जीवनको आधार दिनु हो । तर, पछिल्ला वर्षहरुमा चिउरीले फल कम दिन थालेको, फूल लागे पनि दाना नबस्ने र फलको चक्र अनियमित हुने समस्या बढेको उनी बताउँछन् । स्थानीय बुढापाकाका अनुभवमा मौसमको चक्र बिग्रँदा वनस्पतिको जीवनचक्रमै परिवर्तन आएको छ ।

जलवायु परिवर्तनका कारण यही आधार क्रमशः कमजोर बन्दै गएको छ । वर्षाको समय अनिश्चित बन्दै गएको छ, कहिले अत्यधिक वर्षा भएर पहिरो र भुक्षय निम्त्याउने, कहिले लामो समयसम्म पानी नपर्दा खेत बाँझिने अवस्था बढेको छ । पहाडका धेरै मुहान सुक्दै गएका छन् । चरन क्षेत्र घट्दा पशुपालन कठिन बनेको छ भने डढेलो र वनविनाशका कारण वनजन्य स्रोतको उपलब्धता पनि कम भएको छ ।

मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीतामाङ भन्छिन्–पहिले प्रकृतिको संकेत हेरेर खेतीको योजना बनाउन सकिन्थ्यो । हाल मौसमको भर छैन । बीउ छरेको बेला पानी पर्दैन, बाली पाक्न लाग्दा असिना पर्छ, कहिले खडेरी त कहिले बाढी आउँछ । यसले हाम्रो ज्ञान प्रणालीमाथि नै चुनौती खडा गरेको छ । उनका अनुसार स्थानीय सरकारलाई प्रभावकारी कृषि कार्यक्रम ल्याउनसमेत समस्या भएको छ । बदलिँदो मौसमको असर कृषि उत्पादनमा मात्र सीमित छैन ।

परम्परागत् खाद्यप्रणाली, सामुदायिक श्रम आदानप्रदान, स्थानीय पर्व–संस्कार र प्रकृतिसँग जोडिएका सांस्कृतिक अभ्यासहरु पनि क्रमशः प्रभावित हुँदै गएका छन् । उनका अनुसार अगुवाहरुका अनुसार, पहिले मौसमको चक्र अनुमान गर्न सजिलो हुन्थ्यो । कहिले रोपाइँ गर्ने, कहिले बाली भित्र्याउने, कहिले घाँस संकलन गर्ने भन्ने ज्ञान पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको थियो । तर, हाल त्यस परम्परागत् मौसम–ज्ञान प्रणाली नै अस्थिर बन्दै गएको छ ।

*वनकरियाको स्मृतिमा वन*

वनकरिया समुदाय नेपालको अत्यन्त सानो र ऐतिहासिक आदिवासी समुदायमध्ये एक हो ।



जंगलमै फिरन्ते जीवन बिताउने समुदायको जीवन जंगलको चक्रसँगै चल्थ्यो । केराको पात र प्राकृतिक सामग्रीबाट बनाइने अस्थायी बासस्थान, कन्दमूलमा आधारित भोजन, जडीबुटीमा आधारित उपचार प्रणाली, वनस्पति चिन्न सक्ने अद्भुत ज्ञान र जंगलका स्रोतको सन्तुलित उपयोग उनीहरुको जीवनशैलीको अभिन्न हिस्सा थियो । हाल उनीहरु क्रमशः स्थायी बस्तीमा बसोबास गर्न थालेका छन् । शिक्षा, स्वास्थ्य, आवास र सामाजिक पहुँचका दृष्टिले केही सकारात्मक परिवर्तन आए पनि उनीहरुको परम्परागत् ज्ञान र अभ्यास हराउँदै जान थालेको छ । वनकरिया समुदायकी सुन्तली वनकरिया भन्छिन्–जंगल मै जन्मियौं, जंगल मै हुर्कियौं, जंगल मै जीवन सिक्यौं । हाल बस्तीमा छौं, घर पनि छ, सुबिधा पनि केही आएको छ, तर मन भने अझै जंगलमै अडिएको छ । जंगलसँगको सम्बन्ध कमजोर हुँदै जाँदा आफूभित्रका केही कुरा हराएजस्तो लाग्छ ।

पहिले कुन जडीबुटी कुन रोगमा प्रयोग गर्ने, कुन मौसममा कुन कन्दमूल संकलन गर्ने, कुन वनस्पति खाद्य र कुन औषधीय हो भन्ने ज्ञान समुदायभित्र पुस्तान्तरण हुँदै आएको सुन्तलीले बताइन् । हाल नयाँ पुस्ता विद्यालय र बजारमुखी जीवनतर्फ जाँदा उक्त ज्ञान हस्तान्तरण कमजोर बन्दै गएको छ ।

*प्रथाजनिक अभ्यास*

आदिवासी जनजाति महिला महासंघ निवर्तमान केन्द्रीय अध्यक्ष निमी शेर्पाका अनुसार आदिवासी समुदायका प्रथाजनिक अभ्यासलाई केवल परम्परा वा सांस्कृतिक अभ्यासका रुपमा बुझ्नु पर्याप्त हुँदैन । यी अभ्यासले तीन महत्वपूर्ण भूमिका खेल्छन् । पहिलो, जीविकोपार्जनको आधार निर्माण गर्छन् । दोस्रो, सांस्कृतिक पहिचान र सामाजिक निरन्तरता जोगाउँछन् । तेस्रो, प्राकृतिक स्रोतको दीगो व्यवस्थापन र जलवायु अनुकूलनमा व्यवहारिक योगदान पुऱ्याउँछन् ।

अध्यक्ष शेर्पा भन्छिन्–चेपाङ समुदायको खोरिया खेतीप्रणालीलाई केवल परम्परागत् खेती भनेर हेर्न मिल्दैन । यो जैविक विविधता, स्थानीय बीउ संरक्षण र बहुवाली प्रणालीसँग जोडिएको ज्ञान हो । बोटे समुदायको नदीव्यवस्थापन अभ्यास जलचर प्रणालीसँग सहअस्तित्वको अभ्यास हो । वनकरिया समुदायको वन–ज्ञान औषधीय वनस्पति संरक्षणको जीवित भण्डार हो । हाल यी अभ्यास एकैसाथ दुई किसिमको दबाबमा छन्, एकातिर जलवायु परिवर्तन, अर्कोतिर नीतिगत् असन्तुलन । 'अनियमित वर्षाले खेतीचक्र बिगारेको छ । लामो खडेरीले पानीका मुहान सुकाएको छ । डढेलो र वनविनाशले वनजन्य स्रोत घटाएको छ । वनस्पति र जडीबुटीको उत्पादन घट्दा परम्परागत् उपचार प्रणाली कमजोर बनेको छ । चरन क्षेत्र खुम्चिँदा पशुपालन प्रभावित भएको छ । यी सबैको असर सीधै समुदायको जीवन र ज्ञान प्रणालीमा परेको छ,' उनले भनिन् ।

अन्तर्राष्ट्रिय महासन्धिले दिएको अधिकार पनि ऐन नबन्दा समस्या वन तथा वातावरण मन्त्रालयका पूर्वउपसचिव एवम् वन, वातावरणविज्ञ डा. सिन्धु ढुंगानाले अन्तर्राष्ट्रिय सन्धि र संविधानले आदिवासी जनजाति समुदायलाई भूमि र जीविकोपार्जनका लागि विशेष अधिकार दिएको भए पनि नेपालमा सबैलाई व्यवहार हुने गरी ऐन बन्दा वन र नदीमा जीविकोपार्जन गर्ने समुदायलाई असर पर्न गएको बताइन् ।

उनले भनिन्–जलवायुको असर सबैलाई पर्ने हो, बराबर नै हो । तर, जुन समुदायको जीवन नै वन र नदीबाट चल्छ, ती समुदायले त्यसमा अधिकार नपाउँदा समस्या पर्न गएको छ । आदिवासी जनजातिको प्रथाजनिक अभ्यासले विनास नगर्ने र संरक्षण गर्ने भए पनि ऐन कार्यान्वयनमा एकरुपता भएको छैन । उनीहरुलाई विषेश अधिकारको व्यवस्था गर्नुपर्छ । उनको अनुसार ऐनमा नै आदिवासी जनजाति शब्द उल्लेख नभएको र संरक्षण नीति कार्यान्वयन गर्दा जीविकोपार्जनमा समस्या पर्न गएको हो ।

डा. ढुंगानाले विश्वभरका आदिवासी जनजातिलाई जलवायु परिवर्तनको असर परेको उल्लेख भए पनि नेपालमा भने नीतिगत् समस्या भएको बताइन् । उनका अनुसार आदिवासीको प्रथाजनिक अभ्यासले जैविक विविधतामा असर नपार्ने भए पनि विशेष अधिकारको व्यवस्था गर्न नसक्दा यो समुदायलाई मर्का परेको बताउँदै अन्तर्राष्ट्रियरुपमा उक्त समुदायको विषयमा वकालत गरिरहेको जनाइन् । संरक्षणका लागि लागु गरिएका कानुनी व्यवस्थाले स्थानीय समुदायको दैनिकीमा असर पार्न थालेपछि द्वन्द्व बढ्दो देखिएको छ । विशेषगरि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र वन ऐन, २०७६ ले परम्परागत्रुपमा जंगल र नदीमा निर्भर समुदायलाई विभिन्न प्रतिबन्ध लगाएको उनको भनाइ छ ।

*नीति र समुदायबीच बढ्दो दुरी*

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका वरिष्ठ उपाध्यक्ष विर्षबहादुर शाहीले सन् २०२० मा जैविक जिविधता संरक्षणमा गएिको अध्ययनअनुसार ८० प्रतिशत् योगदान आदिवासी जनजाति र स्थानीय समुदायको रहेको भए पनि नेपालमा भने उक्त समुदायको प्रथाजनिक अभ्यास र थाकथलो नै छाड्नेसम्मको असर पर्ने परी वन ऐन र राष्ट्रिय निकुञ्ज ऐन बनेकाले समस्या भएको बताए । उनका अनुसार उक्त ऐनमा व्यवस्था भएअनुसार निकुञ्जको सीमाभित्र पर्ने वा छेउछाउमा भएका वनबाट कन्दमुल, जडीबुटीलगायत कुनै पनि बस्तु निकाल्न नपाउने र नदीमा माछा मार्न नपाउने व्यवस्था छ ।

उपाध्यक्ष शाहीका अनुसार संरक्षणका लागि लागु गरिएका कानुनी व्यवस्थाले स्थानीय समुदायको दैनिकीमा असर पार्न थालेपछि द्वन्द्व बढ्दो देखिएको छ । उनले भने–विशेषगरि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र वन ऐन, २०७६ ले परम्परागत्रुपमा जंगल र नदीमा निर्भर समुदायलाई विभिन्न प्रतिबन्ध लगाएको छ । उनका अनुसार यी ऐन लागु भएपछि घाँस, दाउरा संकलन तथा माछा मार्नेजस्ता गतिविधिमा रोक लाग्दा बोटेलगायत समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर परेको हो ।

नेपालमा वन संरक्षण, राष्ट्रिय निकुञ्ज व्यवस्थापन र जलाधार संरक्षणका नाममा लागु भएका नीतिहरुले जैविक विविधता जोगाउन महत्वपूर्ण भूमिका खेलेका छन् । तर, यही नीति कार्यान्वयनले स्थानीय आदिवासी समुदायको परम्परागत् जीवनशैली र पहुँचमा गम्भीर असर पारेको विषय पनि उत्तिकै उठिरहेको छ । मकवानपुरका बोटे समुदायका लागि नदी अब केवल प्राकृतिक स्रोत होइन, नियम र निषेधको क्षेत्र बनेको छ ।

मकवानपुर मनहरी–७ का स्थानीय युवा उमेश राईले भने–हामीले दैनिक आवश्यकताका लागि चाहिले घाँस दाउरा र नदीका माछा पहिलेजस्तो स्वतन्त्ररुपमा स्रोत प्रयोग गर्न पाइँदैन, दैनिक गुजारा चलाउन गाह्रो भयो । थोरै भएको खेती वन्यजन्तुले नष्ट गरिदिन्छन् । घाँसदाउरा गर्न जाँदा पनि वन्यजन्तुको आक्रमणबाट ज्यान गुमाउनुपर्छ र अन्यत्र जानसक्ने अवस्था छैन ।

*वैकल्पिक अभ्यास र बदलिँदो जीवन*

यी चुनौतीबीच पनि आदिवासी समुदायहरु पूर्णरुपमा निष्क्रिय छैनन् । उनीहरु बदलिँदो परिस्थितिसँग अनुकूलन गर्ने प्रयासमा छन् । चेपाङ समुदाय मौरीपालन, बाखापालन, तरकारीखेती र नगदे बालीतर्फ विस्तारै मोडिँदै गएको देखिन्छ । परम्परागत् खोरियाखेती घट्दै गए पनि सामुदायिक वनबाट प्राप्त अवसरलाई नयाँ रुपमा उपयोग गर्ने प्रयास भइरहेको छ । वनकरिया समुदायका केही सदस्य साबुन उत्पादन, साना उद्यम, हस्तकला र स्थानीय बजारसँग जोडिने प्रयासमा छन् । यसले उनीहरुलाई नगद आयतर्फ उन्मुख गराए पनि परम्परागत् वन–ज्ञानको अभ्यास भने क्रमशः कमजोर हुँदै गएको देखिन्छ ।

नेपालका ५९ आदिवासी जनजाति समुदायको साझा कथा यही हो, प्रकृतिसँग गहिरो सम्बन्ध, परिवर्तनशील जलवायुको चुनौती र आधुनिक नीतिसँगको असन्तुलित संवाद । यदि यी समुदायका ज्ञान र अभ्यास जोगाउन सकिएन भने केवल पेसा होइन, एउटा सभ्यता, एउटा अनुभव र प्रकृतिसँग जोडिएको इतिहास नै संकटमा पर्नेछ । तर, हाल यही सम्बन्ध कमजोर हुँदै गएको छ । वनमा कन्दमूल पाउन मुस्किल छ र नदीमा माछा कठिन छ । नदीमा पानीको बहावको स्वरुप फेरिएको छ ।

कतै बाढीले किनार कटान बढाएको छ, कतै सुक्खा मौसम लामो बन्दा नदीका सहायक धारा सुक्दै गएका छन् । वनक्षेत्रमा डँढेलो बढेको छ, पानीका मुहान घटेका छन्, वर्षा अनियमित भएको छ, खेतीपातीको चक्र अस्थिर बनेको छ । यसको सबभन्दा ठूलो असर ती समुदायमा परेको छ, जसको जीवन सीधै प्रकृतिसँग जोडिएको छ ।

# टिष्टुङमा शुरु भयो तीन वर्षे बज्रबाराही जात्रा



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको थाहा नगरपालिका–६, टिष्टुङ बज्रबाराहीमा हरेक तीन वर्षमा तीन दिनसम्म लाग्ने बज्रबाराही जात्रा शनिबारदेखि सुरु भएको छ । चण्डीपूर्णिमा अर्थात् बैशाख पूर्णिमाको दिनदेखि बज्रबाराहीको जात्रा सुरु हुन्छ ।

जात्राको पहिलो दिन गाउँबाट देवताहरु ल्याएर टिष्टुङस्थित बज्रबाराही पीठमा राख्ने गरिन्छ । पूर्णिमापछिको शनिबारका दिन यहाँका बस्तीका प्रत्येक घरबाट बलीसहित पूजा ल्याएर दिनभर पूजा गर्ने गरिन्छ । तेस्रो दिन गाउँबाट ल्याइएका देवताहरु फर्काइन्छ । उपत्यकालाई रक्षा गर्ने चार बाराहीमध्ये एक ललितपुरस्थित बज्रबाराहीको मन्दिर नेपाल सम्वत् ७८६ मा निवास मल्लले बनाउन लगाएको इतिहास छ । टिष्टुङमा बज्रबाराहीलाई ललितपुरको बज्रबाराहीको आमाको रुपमा लिने गरिन्छ ।

यहाँ प्रत्येक तीन वर्षको अन्तरालमा बैशाख पूर्णिमाको पछिको शनिबार पारेर जात्राको सुरुवात हुने परम्परा छ । थाहा नगरपालिका–६ नम्बर वडा कार्यालय र स्थानीय गुठी व्यवस्थापन समितिले जात्राको व्यवस्थापन गरिरहेको वडा अध्यक्ष राजनभक्त श्रेष्ठले बताए । तान्त्रिक विधिअनुसार पूजाआजा गर्नुका साथै टिस्टुङ क्षेत्रको इस्टदेवता नै बज्रबाराही भएकाले आराधाना गर्दामात्र मानवकल्याण हुने जनविश्वास छ । गुठीको नाममा रहेको २ सय ४ रोपनी जग्गाको आयस्रोतले जात्रा र गुठी सञ्चालन हुँदै आएको छ । जात्रामा त्यस क्षेत्रका विभिन्न जातिहरु आआफ्नै भेषभुषा, संस्कृति र बाजागाजासाथ सहभागिता जनाउँछन् । जात्रा सञ्चालन र व्यवस्थापनका लागि १३ वटा गुठीसमेत सञ्चालनमा छन् ।

एउटा गुठी नेपाल सरकारका नाममा समेत सञ्चालित छन् । गणेश गुठी, कुमारी गुठी, बाराही गुठी, इन्द्रायणी गुठी, भैरव गुठी, बाजा व्यवस्थापन गुठीलगायत गुठी छन् । जात्राका बेलामा बाराही पीठमा बली दिनका लागि पहिले नै दुई वटा राँगा खुलारुपमा छाडिएको हुन्छ । यसरी छाडिएको राँगालाई कुट्न, लखेट्न र थुन्न हुँदैन भन्ने मान्यता छ । छाडिएका राँगाहरु जहाँ पुगे पनि स्थानीयले पिठोलगायत खानेकुरा खुवाएर पठाउने गर्छन् ।

जात्रा सुरु हुनुपूर्व पुजारीहरुले आइतबारदेखि शुक्रबारसम्म मध्यरात मन्दिरमा (पीठ) मा गएर पूजा गर्छन् । जसलाई चाँपूजा भनिन्छ । चाँ भनेको नेवारी भाषामा रात हो । यसरी चाँपूजा अर्थात् रातपूजा गर्न जानेहरु दुवै जना घर नफर्केसम्म एकअर्कासँग बोल्न हुँदैन, पछाडि फर्केर पनि हेर्नु हुँदैन भन्ने मान्यता रहेको स्थानीय महेश्वर महर्जनले बताए । भने–त्यसको भोलिपल्ट देवीको पूजा गरिन्छ । तान्त्रिक विधिबाट क्षमापूजा गरेपछि स्थानीय कर्माचार्यहरुमध्ये जसलाई देवता चढ्छ, उसलाई नै खड्ग दिइन्छ । ऊ नै खः द्यो बन्न पाउँछ । यसरी खः द्यो चयन भएपछि उसले सेतो जामा र सेतो बेताली लगाएर खड्ग बोकी काम्दै बाहिर निस्कन्छन् । जात्राको पहिलो दिनको मध्यरातमा विशेष पूजा गरिन्छ । यस पूजा गरेको हेर्नका लागि धेरै मान्छे राति नै उठेर मन्दिर जाने गर्छन् ।

पूजाअन्तर्गत् सुरुमा देउला समुदायले ल्याएको पूजा गरिन्छ, जसलाई सरकारी पूजाका रुपमा लिइन्छ । यस पूजामा सर्प, भ्यागुतो, हाँस, भेंडा, कीरा फट्यांग्रा, माछा, चरा, भाले, बोका र राँगालगायत बली दिइन्छ ।

# सरकारको कदमप्रति एमाले बागमतीको विरोध

सन्देश संवाददाता

हेटौंडा/नेकपा एमाले बागमती प्रदेश संसदीय दलले हालका दिनहरूमा सुकुम्बासी बस्तीहरूमा भइरहेको डोजर आतंकका काम कारबाहीप्रति गम्भीर आपत्ति जनाउँदै सरकारको कदमको कडा शब्दमा आलोचना गरेको छ ।

दलका नेता जेएन थपलिया–द्वारा सार्वजनिक विज्ञप्तिमा वर्तमान बालेन्द्र सरकारले पर्याप्त पूर्वसूचना बिना नै भूमिहीन सुकुम्बासीका बस्तीहरूमा डोजर चलाएको आरोप लगाइएको छ । विज्ञप्तिमा कतिपय स्थानमा केवल १-२ दिन, केही अवस्थामा त १ घण्टामात्र सूचना दिएर एका बिहानैदेखि घर भत्काउने कार्य भएको उल्लेख गर्दै यसले नागरिकलाई जबरजस्ती आवास विहीन बनाएको भनिएको छ ।

सरकारले व्यवस्थापनका लागि तोकेका दशरथ रङ्गशाला लगायतका स्थानहरूमा समेत बसोबास र खानपानको उचित व्यवस्था नगरी अमानवीय व्यवहार गरेको आरोप एमालेको छ । यस अवस्थाले बालबालिका, वृद्धवृद्धा, सुत्केरी महिला तथा बिरामीहरू थप समस्यामा परेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

दलले यस्तो परिस्थितिका कारण दुईजनाले आत्महत्यासम्म गर्न बाध्य पारिएको दाबी गर्दै यसलाई राज्यको गैरजिम्मेवार र पाशविक व्यवहारको उदाहरणका रूपमा चित्रण दलले गरेको बिज्ञप्तिमा उल्लेख छ । साथै, बालेन्द्र सरकारको कार्यशैली पञ्चायतकालीन निरंकुशतालाई समेत बिर्साउने खालको भएको भन्दै यस्ता प्रकारका जनभावनाबिपरितका कामको घोर निन्दा र भर्त्सना गरिएको छ ।

एमाले बागमती प्रदेश संसदीय दलले नेपाल सरकारसँग सुकुम्बासीहरूलाई पर्याप्त समय दिएर वैकल्पिक आवासको तत्काल व्यवस्था गर्न, साथै बालबालिका, सुत्केरी महिला, वृद्धवृद्धा, रोगी तथा अशक्त व्यक्तिहरूको उचित उपचारको व्यवस्था गर्न जोडदार माग गरेको र कानुनबमोजिम उपयुक्त समय दिएर काम गर्नु भनिएको छ ।

# बालमैत्री स्थानीय शासनसम्बन्धि कार्यक्रम

सन्देश संवाददाता

हेटौंडा/सिविन नेपालको आयोजना तथा जिल्ला समन्वय समिति मकवानपुरको समन्वयमा बालमैत्री स्थानीय शासनसम्बन्धि घोषणापश्चातका उपलब्धी तथा चुनौतिहरु विषयक सरोकारवालाहरुसंग छलफल भएको छ ।

बालमैत्री स्थानीय शासन घोषणा भएपछि बालबालिकाहरुमा के के उपलब्धि भए र घोषणापश्चात दीगोपनको लागि के कति लगानी भयो भन्ने विषयमा प्रदेशस्तरीय बालमैत्री स्थानीय शासन घोषणा समितिका सदस्य अच्युतप्रसाद उपाध्यायले कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यपत्रमा बालमैत्री स्थानीय शाशन घोषणााका कानूनी आधार, बालमैत्री स्थानीय शासन पालिका घोषणा प्रक्रिया, प्रमुख उपलब्धीहरु, सामाजिक सुधार, मुख्य चुनौतीहरु, सामाजिक चुनौती तथा सुधारका उपायहरु समेटिएको थियो ।

विशेषगरी उपलब्धीहरुमा सबै सामुदायिक विद्यालयमा निःशुल्क आधारभूत शिक्षा नीति लागू, छात्रवृत्ति कार्यक्रम (गरिब, दलित, बालिका), बालमैत्री विद्यालय अभियान, विद्यालय भर्ना दर वृद्धि, बाल मृत्युदरमा कमी, २० वर्षमा बाल मृत्युदर झण्डै ७) प्रतिशतले भन्दा बढीले घटेको बताईएको थियो ।

सुधारका उपायहरूमा पालिकास्तरमा डाटा बैंक स्थापना, सूचकहरुको स्थानीयकरण प्रभावकारी कार्यान्वयन, रणनीतिक योजना/लगानी योजना कार्यान्वयन लगानी योजनाअनुसार बजेट वृद्धि योजनाको प्राथमिकीकरण अन्तर निकाय समन्वय सुदृढ रहेका छन् ।

कार्यक्रममा हेटौडा उपमहानगरपालिका महिला, बालबालिका शाखाकी अधिकृत भगवती रिमाल, मकवानपुर गढी गाउंपालिकाकी बालकल्याण अधिकारी सावित्री गौतम र बकैया गाउपालिका बाल कल्याण अधिकारी होमकुमारी सञ्जेलबाट बालमैत्री घोषणा पश्चातका उपलब्धी एवम् चुनौतिका विषयमा आआफ्नो पालिकामा भए गरेका कार्य तथा दीगोपनको बारेमा प्रस्तुति गरिएको थियो ।

कार्यक्रममा हेटौडा उपमहानगरपालिका महिला, बालबालिका महाशाखा निर्देशक विष्णुकुमारी लामिछानेले बालमैत्री स्थानीय शासन घोषणाको क्रममा हेटौडा उपमहानगरपालिकाले ५१ वटै सूचकमा राम्रोसंग काम गरेको र दीगोपनका लागि अझै लगानीलाई निरन्तरता दिनुपर्ने र केहि सूचकहरु अब्यबवहारिक भएकोले त्यसलाई पुनर्विचार गर्नुपर्ने बताए ।

कार्यक्रममा मुख्यमन्त्री कार्यालय, प्रदेश नीति तथा योजना आयोग, कानुन तथा आन्तरिक मामला मन्त्रालय, श्रम तथा रोजगार कार्यालयका प्रतिनिधि गरि ३५ जनाको सहभागिता रहेको सिविन नेपालका प्रवन्धक झबिन्द्र ज्ञवालीले बताए ।

कार्यक्रमको सभाध्यक्ष सिविन नेपाल केन्द्रिय कार्यालयका कार्यकारी निर्देशक समितिका प्रमुख ललित घलान, विशेष अतिथि बकैया गाउंपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री र हेटौडा उपमहानगरपालिका वार्ड न ११ का बालअधिकारको प्रत्याभुतीका क्रममा सबै पालिकहरु जिम्मेवार बन्न आग्रह गरिएको थियो ।

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला ।
**सम्पर्क** :
९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।
**सम्पर्क नम्बर** : ९८४५१२३३६६

## शान्ति र सद्भाव कायम गरौं

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिंडौं.
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरुलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने